का.जि.प्र.का.द.नं. १००/०५९/६०
२४ मंसिर २०८१,
सोमबार
9 December, 2024
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्नं

वर्ष २२, अंक २९० । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

# किन पटकपटक आउँछन् लु ?

## प्रधानमन्त्रीको चीन भ्रमणलगत्तै अमेरिकी उच्च अधिकारी नेपालमा



निमिष झा/मध्यान्ह
काठमाडौं, २३ मंसिर ।

अमेरिकाका सहायक विदेशमन्त्री डोनाल्ड लु आइतबार नेपाल आएका छन् । काठमाडौं उत्रनेबित्तिकै उनले पूर्वप्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग भेट गरे। दुवै भेटमा नेपाल-अमेरिका सम्बन्ध, द्विपक्षीय सम्बन्ध, नेपालको आर्थिक विकाससहितका विषयमा छलफल भएको छ ।

> परराष्ट्र विज्ञहरूले समुद्र तहदेखि हिमालयसम्म हुन लागेको लुको भ्रमणले अमेरिकाले यस क्षेत्रलाई दिएको चासोलाई प्रस्ट पार्ने बताउँछन् । भारत र श्रीलंका हुँदै नेपाल आएका उनी यहीँबाट स्वदेश फर्किने छन्

अध्यक्ष प्रचण्डको सचिवालयका अनुसार उनीहरूबीच नेपालको शान्ति प्रक्रियाका विषयमा पनि छलफल भएको छ ।

नेपालको शान्ति प्रक्रिया राष्ट्रिय सहमतिका साथ मौलिक रूपमा सम्पन्न हुन थालेको जानकारी अध्यक्ष प्रचण्डले लुलाई दिए । 'हामीले नेपालमा शान्ति प्रक्रिया बहुमत र अल्पमत वा सत्ता पक्ष र विपक्षीको रूपमा नलिएर राष्ट्रिय सहमतिका साथ टुंग्याउँदै छौं, यो हाम्रा लागि मात्र होइन, शान्ति र स्थायित्व चाहने अन्तर्राष्ट्रिय समुदायकै लागि पनि खुसीको कुरा हो', प्रचण्डले भने, 'टीआरसी विधेयक पारित भएपछि जसरी अन्तर्राष्ट्रिय समुदायले स्वागत गरेको छ, यसले हामीलाई खुसी बनाएको छ ।'



यस्तै, कांग्रेस सभापति देउवासँगको भेटमा उनीहरूबीच २ देशको आपसी हित र समसामयिक विषयमा छलफल भएको छ । उनको प्रधानमन्त्री केपी ओली शर्मासँग सोमबार भेट्ने कार्यक्रम छ ।

२ दिने भ्रमणको क्रममा उनले वातावरणीय सुरक्षा, महिला सशक्तीकरण, सांस्कृतिक संरक्षण र दिगो विकास जस्ता मुख्य क्षेत्रहरूमा २ देशबीचको सहकार्यलाई अघि बढाउने विषयमा छलफल गर्ने छन् ।

लुको भ्रमण प्रधानमन्त्री ओली चीन भ्रमणबाट फर्केलगत्तै भएको हो । भ्रमणका क्रममा नेपाल र चीनबीच बीआरआई फ्रेमवर्कमा सम्झौता भएको छ । अमेरिका र भारत नेपालमा बीआरआई कार्यान्वयन नहोस् भन्ने चाहना राख्छन् ।

अमेरिकी विदेश मन्त्रालयमा ३० वर्षभन्दा बढी समय सेवा गरेका लु १५ सेप्टेम्बर २०२१ मा अमेरिकी विदेश मन्त्रालयको दक्षिण र मध्य एसियाली मामिलाको ब्युरोमा >>> पृष्ठ २ मा

# सहकारी ऐन संशोधन अध्यादेश ल्याउने तयारी

**छुट्टै संरचना बनाएर सहकारीको बचत फिर्ताका सम्बन्धमा पहल लिनेगरी अधिकार सम्पन्न उच्चस्तरीय संरचना निर्माण गर्नेगरी सरकारले अध्यादेश ल्याउने तयारी गरेको हो**

जानकी पाठक/मध्यान्ह
काठमाडौं, २३ मंसिर ।

सरकारले सहकारीको समस्या समाधानका लागि प्रचलित कानुनमा संशोधन गर्न लागेको छ । हाल संघीय संसद्को अधिवेशन नरहेकाले अध्यादेश ल्याउने तयारी भएको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

अध्यादेशको मस्यौदा भने भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गरेको छ । सहकारीपीडितका माग पूरा गर्नेगरी प्रचलित कानुनलाई संशोधन गर्ने विषय अध्यादेशमा रहेको अधिकारीहरूले जानकारी दिए ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अनुसार सहकारी समस्या समाधान गर्नेगरी ल्याउन लागिएको अध्यादेश मन्त्रिपरिषद्मा लगिँदै छ । मन्त्रिपरिषदले निर्णय गरेपछि अध्यादेश जारी हुन्छ ।

अध्यादेशमार्फत छुट्टै संरचना बनाएर सहकारीको बचत फिर्ताका सम्बन्धमा पहल लिने उद्देश्य अध्यादेशको छ । यसका लागि अधिकार सम्पन्न उच्चस्तरीय संरचना निर्माण गर्नेगरी सरकारले अध्यादेश ल्याउने तयारी गरेको हो ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका अधिकारीहरूका अनुसार अध्यादेश जारी भए कर्जा सूचना केन्द्र, बचत तथा सुरक्षण कोष, बचत तथा ऋण असुली न्यायाधीकरण र नियामक निकायलाई थप अधिकार दिएर सहकारी समस्या समाधानका लागि काम गर्नका लागि अग्रसर गराइने छ । यसका लागि कार्यविधि ल्याउन मिल्ने व्यवस्था अध्यादेशमा राखिएको छ ।

अध्यादेशले संशोधन गर्न लागेको कानुनमा समस्याग्रस्त सहकारी तथा आर्थिक अपचलन गरी ठगी गरेका सम्बन्धित सहकारीका सम्पत्ति लिलाम तथा जफत गर्न मिल्ने प्रावधान छ । त्यसरी जफत गरेको सम्पत्तिबाट पीडितलाई उनीहरूको निक्षेप अनुपातमा रकम उपलब्ध गराउन सकिने भनिएको छ ।

अर्थ मन्त्रालयको सर्वेक्षणअनुसार सहकारी संस्थाहरूको संख्या ३० हजार ८७९ छन् भने शेयर सदस्य संख्या ७३ लाख ३७ हजार २५२ छन् । शेयर पुँजी ९४ अर्ब १२ करोड, बचत ४ खर्ब ७७ अर्ब ९९ करोड रुपैयाँ छ ।

यी सबैमा समस्या छैन तर समस्या भएका सहकारीको समस्या समाधान गर्नका लागि प्रचलित ऐनले कतिपय अवस्थामा ढिलासुस्ती गर्ने भएकाले अध्यादेश ल्याउन लागिएको सरकारी अधिकारीहरू बताउँछन् ।

सहकारी संस्थाले सदस्यको बचत फिर्ता नगरेको, संचालकहरू फरार भएको वा सहकारी संस्था डुबेको तर, समस्या समाधानका लागि कानुनको अभाव हुँदा सरकारको समेत आलोचना भएकाले अध्यादेश ल्याएर >>> पृष्ठ २ मा

# बढ्दो अपराधको चपेटामा कर्णाली

- सामान्य विवादलाई ठूलो 'इस्यु' बनाएर जघन्य हत्या
- अधिकांश हत्या आफन्तबाटै
- आर्थिक, पारिवारिक समस्या र अवैध यौन सम्बन्ध कारक

कुलेन्द्र शाही/मध्यान्ह
सुर्खेत, २२ मंसिर ।

**घटना १ :** गत ४ मंसिरमा रुकुमपश्चिमको चौरजहारी नगरपालिका- २ मा १ महिलाले श्रीमान्को हत्या गरिन् । ३२ वर्षीया दीपा कुमालले ४० वर्षीय मधु कुमालको टाउकोमा चिर्पटले हानेर हत्या गरेकी हुन् ।

घरायसी विवादका कारण दीपाले चिर्पटले हानेर मधुको हत्या गरेकी थिइन् । मृतकका १६ वर्षीय छोरा खिम कुमालले घटनाको जानकारी प्रहरीलाई दिएका थिए । उनले दिएको जानकारीका आधारमा जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक दीपेन्द्र रावलको नेतृत्वमा प्रहरी टोली घटनास्थल गएको थियो । उक्त प्रहरी टोलीले दीपालाई पक्राउ गरेर अनुसन्धान गरेको थियो ।

**घटना २ :** गत ३० वैशाखमा सल्यानमा धारिलो हतियार प्रहार गरी श्रीमान्ले श्रीमतीको हत्या गरे । बनगाड कुपिण्डे नगरपालिका- ४ >>> पृष्ठ २ मा

### अधिकांश हत्या आफन्तबाटै

कर्णालीमा हुने अधिकांश घटना आफन्तबाटै हुने गरेका छन् । माथि उल्लेखित घटना पनि आफ्नै परिवारबाट भएका पाइएको छ । घर परिवार र नजिकका आफन्तबाट हत्या हुनुमा अनैतिक सम्बन्ध, आर्थिक लेनदेन र घरायसी कुरामा वादविवाद मुख्य कारण देखिएको प्रहरीको भनाइ छ ।

प्रहरीका अनुसार पछिल्लो समय श्रीमान्-श्रीमतीले एकअर्काको हत्या गर्ने क्रम पनि बढेको छ । श्रीमान् र श्रीमतीबीच आपसमा विश्वास >>> पृष्ठ २ मा

### किन बढ्दै छन् हत्याका घटना ?

प्रहरीले दिएको जानकारीअनुसार अधिकांश घटना आर्थिक, पारिवारिक समस्या र अवैध यौन सम्बन्धका कारण हुने गरेका छन् । सामान्य वादविवादमा उत्पन्न आवेगले पनि पछिल्लो समय हत्याको घटना बढ्दै गएको प्रहरी तथ्यांकले देखाएको छ । डिप्रेसन र मादक पदार्थ सेवनका कारण पनि हत्याका घटना भएका देखिएको छ । समूहले गरेको हत्या घटनामा अर्कोमाथि हाबी हुने प्रवृत्ति र तत्कालको आवेग रहेको पाइएको प्रहरीले जनाएको छ । >>> पृष्ठ २ मा

# निजी क्षेत्रमा अख्तियारलाई रोक्न उद्योगीको लबिङ

अस्मिता बम/मध्यान्ह
काठमाडौं, २३ मंसिर ।

पछिल्लो समय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारबारे राजनीतिक वृत्तमा छलफल चलिरहेको छ । कारण- सरकारले निजी क्षेत्रमा हुने भ्रष्टाचारको पनि अनुसन्धान गर्ने क्षेत्राधिकार अख्तियारमा रहनेगरी कानुन बनाउने प्रस्ताव गरेको छ । अख्तियारका अधिकारीहरू पनि निजी क्षेत्रमा हुने भ्रष्टाचारको अनुसन्धान गर्ने क्षेत्राधिकार खोजिरहेका छन् ।

> अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निजी क्षेत्रमा हुने भ्रष्टाचारको पनि अनुसन्धान गर्ने क्षेत्राधिकार खोजिरहेका बेला उद्योगीहरू रोक्न राजनीतिक लबिङमा निरन्तर लागिरहेका छन्

तर, जब यससम्बन्धी नीतिगत छलफल चल्छ, तब उद्योगी/व्यावसायीहरू अख्तियारको क्षेत्राधिकारलाई लिएर राजनीतिक लबिङमा तीव्रता दिन्छन् । यही रस्साकस्सीले २०७६ सालमा संसद्मा दर्ता भएको भ्रष्टाचार निवारण ऐन, २०५९ संशोधन विधेयक ऐनमा रूपान्तरित हुन सकिरहेको छैन ।

यो विधेयक हाल प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा दफावार छलफलमा छ । तर, उद्योग वाणिज्य महासंघले पत्र नै पठाएर अख्तियारलाई निजी क्षेत्रमा प्रवेश नदिन आग्रह गरेको छ । 'प्रस्तुत संशोधन विधेयकहरू यथास्थितिमा पारित भएमा निजी क्षेत्रलाई प्रत्यक्ष असर पर्ने मात्र होइन, नेपालको संविधानको धारा २३० प्रतिकूलसमेत जान्छ', महासंघले पत्रमा भनेको छ ।

संविधानको धारा २३० मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था छ । त्यहाँ भनिएको छ, 'कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन सक्ने छ ।'

यसअन्तर्गत अख्तियारको क्षेत्राधिकारभित्र निजी क्षेत्र नपर्ने दाबी उद्योग वाणिज्य महासंघको छ ।

'कम्पनी र बैंक जस्ता शब्दहरू हटाइनुपर्ने, नहटाउने हो भने नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व रहेको कम्पनी र बैंक भनिनुपर्ने', महासंघको पत्रमा उल्लेख छ ।

संसद्मा विचाराधीन विधेयकमा यो विषय छ । प्रचलित >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# भैरहवाबाट श्रम गन्तव्य पुग्ने आशा धुमिल

मध्यान्ह संवाददाता
काठमाडौं, २३ मंसिर ।

सरकारले भैरहवा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट वैदेशिक रोजगारीमा जान सक्नेगरी श्रम स्वीकृतिका लागि आवश्यक संयन्त्र विस्तारको तयारी गरिएका बेला कतार एयरवेजले उडान रोकेको छ । भैरहवाबाट सिधै उडानको व्यवस्था मिलाउन गत हप्ता श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिह भण्डारी तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डे, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र अन्य सरोकारवालाबीच छलफल भएको थियो ।

छलफलमा भैरहवामा म्यानपावर कम्पनी, स्वास्थ्य संस्था, सामाजिक सुरक्षा कोष, अभिमुखीकरण तालिम प्रदायकलगायत आवश्यक सबै संयन्त्र स्थापित गर्ने सहमति भएको थियो । तर, कतार एयरवेजले ३८ पटकको उडानपछि आइतबार ३९औं उडान नगर्दा अन्य यात्रुसहित मुख्य गरेर वैदेशिक रोजगारीमा जाने तथा फर्किने कामदारमार्फत उक्त विमानस्थल संचालन गर्ने सरकारी योजनामा धक्का पुग्न सक्ने कतिपयले अनुमान लगाएका छन् ।

सरकारले नै भैरहवा तथा पोखराबाट उडान भर्न वैदेशिक रोजगारीको श्रम स्वीकृतिका लागि आवश्यक संयन्त्र विस्तार गर्ने बताएको छ । तर, सहमतिअनुसार सबै पक्षले भैरहवामा आफ्ना शाखा संयन्त्र लैजान आलटाल गरिरहेका स्रोतले बतायो ।

गत कात्तिक दोस्रो सातादेखि कुवेतको जजिराले कुवेत-भैरहवा, कतारको कतार एअरवेजले दोहा-भैरहवा-काठमाडौं र संयुक्त अरब इमिरेट्स (यूएई)को फ्लाई दुबईले दुबई-भैरहवा-काठमाडौं उडान गर्न थालेपछि राजधानी, तराई र नारायणी नदीपारिका तराई तथा पहाडी जिल्लाबाट वैदेशिक रोजगारीमा ओहोरदोहोर गर्ने कामदारको लागत घट्ने र उनीहरूलाई राहत पुग्ने भन्दै सबैले खुसी व्यक्त गरेका थिए ।

हाल नेपाली कामदार वैदेशिक रोजगारीमा जाने मुलुकका भिसा सेन्टर काठमाडौंमा मात्र केन्द्रिकृत छन् । काठमाडौं आएर श्रम स्वीकृतिका सबै प्रक्रिया पूरा गरेर कामदारलमई पुनः भैरहवा पुऱ्याएर उडाउने गरिएको छ। हाल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विस्तार गर्न उडान समय १० घण्टा कटौती गरिएको छ ।

त्यसपछि कतार एयरवेज, फ्लाई दुबई र जजिरा एयरलाइन्ससहित थाई एयर भैरहवा गएका थिए । हिमालय एअरलाइन्सले केही उडान भरेर सेवा बन्द गरेको थियो । हाल श्रम मन्त्रालय र पर्यटन मन्त्रालयले श्रम स्वीकृतिका सबै संयन्त्र भैरहवा लगेर उक्त विमानस्थल संचालन गरिछाड्ने अडानमा देखिन्छन् ।

तर, त्रिभुवन विमानस्थलको मर्मतको काम सकिएपछि भैरहवाबाट उडान नभरी विगतमा जस्तै काठमाडौंबाट नै उडान भर्ने आशंका छ। सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुरप्रसाद श्रेष्ठ भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल संचालनका लागि चाहिने पूर्वाधार तयारीमा लगानी भएको नदेखिएकाले उक्त विमानस्थल संचालन गर्न सहज नभएको बताउँछन् । श्रम मन्त्रालयले भने आगामी २ महिनाभित्र श्रम स्वीकृतिका सबै काम भैरहवाबाटै हुने प्रबन्ध मिलाउन जुटेको बताएको छ । तर, त्यसअघि नै अन्तर्राष्ट्रिय उडान स्थगन भए भने वैदेशिक रोजगारीमा जाने कामदार विगतमा जस्तै काठमाडौं धाउनुपर्ने बाध्यताबाट मुक्त नहुने टिप्पणी गरिएको छ ।

## आँखीझ्याल



३ मानवअधिकारको परिपालना गर्नु सबैको दायित्वः अध्यक्ष दाहाल



४ व्यवस्था, समृद्धि र वैदेशिक रोजगारी




८ मानवअधिकार अन्तर्राष्ट्रिय चलचित्र महोत्सव आजदेखि



९ जनकपुरको लगातार चौथो जित

VACANCY
One of the reputed recruitment manpower agency is seeking for following applicants.
Accountant - 1 (Male)
Receptionist - 2 (Female)
Public Relation Officer- 5 (Male/Female)
Email Correspondence/ Documentation - 2 (Female)
Salary Negotiable
– 2/3 years job experience in related field of manpower.
– Fluent English for Email Correspondence.
– Word, Excel, Photoshop for related post.
Contact no : 01-5923720, 5923721 | 9851174498
Chandrama Overseas Pvt. Ltd.
Maharajgunj 3 Kathmandu, Nepal
(Govt. Lic. No.: 413/060/61)

## पत्रकार महासंघ निर्वाचन

# प्यानलसहित उम्मेदवारी घोषणा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ मंसिर




नेपाल पत्रकार महासंघको आसन्न निर्वाचनका लागि उम्मेदवारी घोषणा गरिएको छ। प्रेस चौतारी र नेपाल प्रेस युनियनले निर्मला शर्माको नेतृत्वमा आइतबार प्यानल घोषणा गरेका हुन् भने प्रेस सेन्टर र समाजवादी प्रेस संगठनले निवर्तमान बरिष्ठ उपाध्यक्ष रमेश बिष्टको नेतृत्वमा संयुक्त प्यानल घोषणा गरेका छन्। बिष्ट युनियनबाट विद्रोह गरेर सेन्टरलगायतसँग तालमेल गर्न गएका हुन्।

पटकपटक स्थगित हुँदै आएको महासंघको निर्वाचन २८ मंसिरमा काठमाडौंमा हुँदै छ। चौतारी र युनियनको साझा उम्मेदवारमा अध्यक्ष निर्मला शर्मा, वरिष्ठ उपाध्यक्ष दीपक आचार्य, महिला उपाध्यक्षमा नीतु पण्डित, समावेशी उपाध्यक्षमा उमिदप्रसाद बागचन्द, महासचिवमा रामप्रसाद दाहाल छन्।

यस्तै, सचिव खुलामा रमेश खतिवडा, सचिव महिलामा सोनी शर्मा, सचिव आदिवासी जनजाति सविन प्रियासन, सचिव मधेशीमा अशोककुमार तिवारी, सचिव दलितमा प्रकाश धौलाकोटी, सचिव एसोसिएटमा बैकुण्ठराज पराजुली, कोषाध्यक्षमा रामकृष्ण ज्ञवाली छन्।

यस्तै, खुला सदस्यहरूमा रामेश्वर कार्की, छविलाल तिवारी, भूपेन्द्र आचार्य, मुकुन्दप्रसाद भण्डारी, लवदेव ढुंगाना छन्। कोशी प्रदेश सदस्यमा कमलमणि रिमाल, शंकर खरेल, मधेश प्रदेश सदस्यमा अच्युतम्कुमार सापकोटा, राजेश कर्ण, बाग्मती प्रदेश सदस्यमा नवराज पथिक, नारायण अधिकारी, गण्डकी प्रदेश सदस्य कृष्ण के. सी., के. बी. राना, लुम्बिनी प्रदेश सदस्य विकास बन्जाडे, रामराज पोखरेल, कर्णाली प्रदेश सदस्यमा तुलाराम पाण्डे, नगेन्द्रप्रसाद उपाध्याय, सूदूरपश्चिम प्रदेश सदस्य योगेन्द्रबहादुर बलायर, सुरेश पन्त, उपत्यका प्रदेश सदस्यमा विनोदप्रसाद चौलागाईं, पुष्करराज बुढाथोकी, प्रतिष्ठान प्रदेश सदस्य नरेन्द्र मानन्धर, सविता शर्मा छन्।

संस्थागत सदस्य (एसोसिएट सदस्य) पवित्रा मुडभरी, मुक्तिबाबु रेग्मी, महिला सदस्य मधेशी रुविकुमारी रौनियार, आदिवासी सदस्यमा माला मालुङ्वा, खस आर्य लीला शाह योगी, दलित सदस्यमा सिकेन्द्र पासवान निर्विरोध, दलित सदस्य महिला निर्विरोध, आदिवासी जनजाति सदस्यमा भरत जर्घामगर, आदिवासी जनजाति महिलामा निर्विरोध, मधेशी सदस्यमा राजकरण महतो, मधेशी महिला सदस्यमा ललिता साह, अपांगता भएका सदस्य भूपराज बस्याल, अल्पसंख्यक सदस्यमा लक्ष्मण थामी, लेखा समिति सदस्यमा केशवप्रसाद बोहरा, लेखा समिति सदस्य (महिला) रुक्मिणी पोखरेल छन्।

प्रेस सेन्टर र समाजवादी प्रेस समूहका पत्रकारहरूको साझा प्यानलमा अध्यक्ष रमेश बिष्ट, बरिष्ठ उपाध्यक्ष रोशन पुरी, उपाध्यक्ष महिला गंगा पौडेल (बराल), समावेशी उपाध्यक्ष सुभाषप्रसाद साह, महासचिवमा लेखनाथ न्यौपाने, खुला सचिव उत्तरसिंह विष्ट छन्।

मधेशी सचिव श्रीजन झा, महिला सचिवमा सरिता बराइली, दलित सचिव वसन्त वि. क., आदिवासी जनजाति सचिव भीषण राई, एसोसिएट सचिव विकास कार्की, कोषाध्यक्ष रामकृष्ण अधिकारी छन्।

केन्द्रीय सदस्यहरूमा कोशी प्रदेश केन्द्रीय सदस्यमा तीर्थ सिग्देल, दीपेन्द्रकुमार राई, मधेश प्रदेश केन्द्रीय सदस्यमा राजु विश्वकर्मा, संजयकुमार राउत, बाग्मती प्रदेश केन्द्रीय सदस्य (उपत्यकाबाहेक), मणिराज गौतम, मीनकुमार दाहाल र गण्डकी प्रदेश केन्द्रीय सदस्यमा दीपक भट्टराई छन्। लुम्बिनी प्रदेश केन्द्रीय सदस्यमा यानेन्द्र जी. सी., सुमन अधिकारी, कर्णाली प्रदेश केन्द्रीय सदस्यमा देवीराम देवकोटा, यज्ञराज थापा, सुदूरपश्चिम प्रदेश केन्द्रीय सदस्यमा डिलबहादुर सिंह, रामसिंह ठगुन्ना, उपत्यका प्रदेश केन्द्रीय सदस्य अर्जुन पन्त, सूर्य सुवेदी र प्रतिष्ठान प्रदेश केन्द्रीय सदस्यमा वीरेन्द्र ओली, साहस भट्ट, खुला केन्द्रीय सदस्यमा केशवबहादुर भुल, दामोदर खनाल, लेखनाथ खतिवडा, बुद्ध लोप्चन, रामकुमार श्रेष्ठ महिला, (आदिवासी, जनजाति) सरु राना, (मधेशी) मीनाकुमारी यादव, (खस आर्य) दिया चन्द, दलित केन्द्रीय सदस्य, लक्ष्मण दर्नाल (पुरुष), (महिला) निर्विरोध भएका छन्।

आदिवासी जनजातितर्फ अर्जुनबहादुर तामाङ (पुरुष), (महिला) निर्विरोध, मधेशी चन्द्रदेव कामती (पुरुष), ललिताकुमारी साह (महिला), अपांगतातर्फ केन्द्रीय सदस्य अर्जुन काफ्ले, अल्पसंख्यकतर्फ केन्द्रीय सदस्यमा बख्तियार अली, लेखा समिति संयोजक ध्रुव रावल, लेखा समिति सदस्यमा गणेशप्रसाद बन्जाडे (पुरुष) र लक्ष्मी चौधरी (महिला)को उम्मेदवारी परेको छ।

### किन...

सहायक विदेशमन्त्री नियुक्त भएका थिए। यसअघि सन् २०१५ देखि २०१८ सम्म अल्बानिया र २०१८ देखि २०२१ सम्म किर्गिजस्तानमा अमेरिकी राजदूतका रूपमा काम गरेका थिए। अल्बानियामा राजदूत हुनुअघि उनी पश्चिम अफ्रिकामा अमेरिकी विदेश मन्त्रालयबाट नियन्त्रण कार्यदलको सहायक संयोजक भएका थिए।

लु नेपाल पटकपटक आउने उच्च तहका अमेरिकी अधिकारी हुन्। लुले यसअघि पनि ३ पटक नेपालको भ्रमण गरिसकेका छन्। पछिल्लो पटक उनी गत वर्ष २९ असारमा पनि नेपाल आएका थिए। नेपालको संसद्ले एमसीसी पारित गर्न लाग्दा त्यसपूर्व र त्यसपछि पनि उनी नेपाल आएका हुन्।

पछिल्लो समय विश्वशक्ति राष्ट्रहरू अमेरिका र चीनबाट भ्रमणको शृंखला बढेको छ। यसलाई नेपालमा आ-आफ्नो प्रभाव बढाउन शक्ति राष्ट्रहरूबीच चलिरहेको प्रतिस्पर्धाका रूपमा विश्लेषण भइरहेको छ।

परराष्ट्र सम्बन्धका जानकारहरू विश्व शक्ति राष्ट्रहरूले नेपालमा आफ्नो प्रभाव बढाउन काठमाडौं केन्द्रित गतिविधि बढाइरहेका बताउँछन्। 'अहिले चीन र अमेरिका तथा चीन र भारतबीचको द्वन्द्वमा बढोत्तरी भइरहेको छ। नेपालमा कसैको पुरानो प्रभाव छ भने कसैले नयाँ प्रभाव विस्तार गर्न खोजिरहेका छन्', उनीहरू भन्छन्। भारत र चीन विश्व शक्ति राष्ट्र हुने प्रतिस्पर्धामा रहेका र नेपाल चीनसँग सिमाना जोडिएको देश भएकाले पनि अमेरिकाको रणनीतिक महत्त्व बढेको जानकारहरू बताउँछन्।

सरकार परिवर्तनसँगै नेपालमा अन्तर ष्ट्रिय शक्तिहरूका गतिविधिमा पनि बदलाव देखिने गरेको छ। एमाले र माओवादी केन्द्रबीच एकता भएर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बनेपछि नेपालमा चिनियाँ सक्रियता देखिनेगरी बढेको थियो।

अहिले ओली प्रधानमन्त्री बनेसँगै काठमाडौंमा चिनियाँ र अमेरिकी उपस्थिति बाक्लिएको छ।

चीनबाट तुलनात्मक हिसाबले कम भए पनि अर्थपूर्ण समयमा अमेरिकाबाट समानान्तर भ्रमणहरू भएका छन्। १५ फागुन २०७८ मा प्रतिनिधिसभाबाट एमसीसी अनुमोदन भएपछि चिनियाँ विदेशमन्त्री वाङ यी नेपाल भ्रमणमा आएका थिए।

अमेरिकी अधिकारीहरूले आफ्नो भ्रमणलाई प्रायः २ देशबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७५औं वर्षगाँठसँग जोड्ने गरेका छन् भने चीनले सम्बन्ध विस्तारका लागि भन्ने गरेको छ।

नेपालको संसद्ले एमसीसी सम्झौता अनुमोदन गरेपछि अमेरिकाले स्टेट पार्टनरसीप प्रोग्राम (एसपीपी) अघि बढाउन चाहेको थियो। यता, चीनले बीआरआईलाई अघि बढाउने र अमेरिकी परियोजनाहरू रोक्न चाहेको छ। नेपाल अहिले २ देशको चेपुवामा परेको छ।

अमेरिकाले सन् २०१५ देखि अगाडि सारेको एसपीपीमा सहभागी हुन नेपाललाई आन्तरिक रूपमा दबाब दिँदै आएको छ। अमेरिकाले एसपीपीलाई इन्डो प्यासेफिक स्ट्राटेजी (आईपीसी)अन्तर्गत राखेको हुनाले नेपालले त्यसमा हस्ताक्षर नगर्ने निर्णय गरेको छ। जानकारहरू लुको भ्रमण त्यसतर्फ पनि केन्द्रित रहेको हुन सक्ने आँकलन गर्छन्। नेपालले बीआरआईमा सम्झौता गरेपछि चीनलाई 'काउन्टर' दिन लुको भ्रमण भएको हुने सक्ने विश्लेषण पनि गरिँदै छ।

लु नेपाल आएर शीर्ष नेताहरूलाई भेटे पनि उनको भ्रमणका एजेन्डा र कार्यसूची परराष्ट्र मन्त्रालयले औपचारिक रूपमा सार्वजनिक गरेको छैन। तर, अमेरिकी दूतावासले उनको भ्रमणलाई नियमित भनेको छ।

सदनमा एमसीसी अनुमोदन गराउन महत्त्वपूर्ण भूमिका खेलेका लुलाई एसपीपीलाई अघि बढाउन नेपाल पठाएको हुन सक्ने कतिपय बताउँछन्। एमसीसी पारित हुनुपूर्व २७ माघ २०७८ मा उनले तत्कालीन प्रधानमन्त्री देउवा, एमाले अध्यक्ष ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई टेलिफोन गरेर एमसीसी सम्झौता पारित गर्नुपर्ने र नभए बेइजिङले दबाब दिएको रूपमा बुझ्ने भनेर चेतावनी दिएका थिए। त्यसमा टिप्पणी गर्दै चीनले पनि बलजफ्ती कूटनीति गरेको प्रतिक्रिया जनाएको थियो।

परराष्ट्र विज्ञहरूले समुद्र तहदेखि हिमालयसम्म हुन लागेको लुको भ्रमणले अमेरिकाले यस क्षेत्रलाई दिएको चासोलाई प्रस्ट पार्ने बताउँछन्। भारत र श्रीलंका हुँदै नेपाल आएका उनी यहीँबाट स्वदेश फर्किने छन्।

लु दक्षिण तथा मध्य एसिया मामिलालाई हेर्ने सहायक विदेशमन्त्री भएकाले यस क्षेत्रका सम्पूर्ण विषय उनैले माथिल्लो तहमा रिपोर्टिङ गर्छन्।

अमेरिकी राष्ट्रपति जो बाइडेनको सत्ताको अन्तिम समयमा लुको दक्षिण एसिया भ्रमण भएको हो। आगामी २० जनवरीपछि बाइडेनको बहिर्गमन र ट्रम्पको आगमन हुँदै छ।

### सहकारी...

अगाडि बढ्न खोजेको हो। नेपालको सहकारी अभियानले ६ दशकभन्दा लामो संस्थागत अभ्यास गरिसकेको छ। तर, समस्या देखिएपछि संसद्मा समेत यो विषय उठेको थियो। एमालेका सांसद सूर्य थापाको नेतृत्वमा गठित संसदीय समितिले सहकारी समस्या समाधानका लागि नीतिगत व्यवस्थामा सुधार गर्नसमेत सुझाएको थियो।

कतिपय सहकारी संकटग्रस्त बन्दै जाने तर समाधानका लागि राज्यको हस्तक्षेप रहन नसक्ने भएपछि समग्र सहकारी क्षेत्रको विश्वसनीयता कायम राख्नेगरी अध्यादेश मार्फत प्रचलित कानुन संशोधन गर्न लागिएको अधिकारीहरूले जानकारी दिए।

### बढ्दो ...

देउलीका अन्दाजी ३४ वर्षका मनोज बुढाले ३२ वर्षकी कमला बुढाको धारिलो हतियार प्रहार गरी हत्या गरेका थिए। श्रीमतीको हत्यापछि श्रीमान्ले पनि घर पछाडि दलिनमा झुन्डिएर आत्महत्या गरेका थिए।

**घटना ३ :** गत १० संसिरमा रुकुम पश्चिमकै आठबिसकबोटमा धारिलो हतियार चक्कु प्रहार गरेर छोराले बुबाको हत्या गरेका छन्। रुकुमपश्चिम प्रहरीका अनुसार आठबिसकोट नगरपालिका- १० घारीखोलाका २० वर्षीय वीरबहादुर खत्रीले ५० वर्षीय बुबा दर्वे खत्रीको हत्या गरेका हुन्। बाबु-छोराको सामान्य विवादमा वीरबहादुरले चक्कु प्रहार गरेर बुबाको हत्या गरेका थिए।

**घटना ४ :** २३ साउन २०८० मा सल्यानको शारदा नगरपालिका- १३ सल्यानचौरका २३ वर्षीय छोरा नवीन भण्डारीले ४८ वर्षीया आमा शारदाको लाठी प्रहार गरी हत्या गरे। आफ्नै घरको दोस्रो तलामा सुतिरहेकी आमा शारदालाई नवीनले लाठी प्रहार गर्दा उनको घटनास्थलमै मृत्यु भएको थियो। बुबाआमा सुतिरहेका समयमा छोराले आमालाई मात्र लाठी प्रहार गरी हत्या गरेका थिए।

उल्लेखित हत्याका घटना उदाहरण मात्र हुन्। कर्णालीमा यस्ता घटना दैनिकजसो भइरहने गर्छन्। कतिपय घटनाहरू प्रहरी सामु आए पनि केही घटनाहरू भने प्रहरी सामु पुग्दैनन्। चालू आर्थिक वर्षको ५ महिनामा मात्र कर्तव्य ज्यान मुद्दामा १० जनाविरुद्ध उजुरी परेको छ। प्रहरीको अभिलेखअनुसार आर्थिक वर्ष २०८०/०८१ मा कर्णालीका १० जिल्लामा ५१ घटना भएका छन्।

### अधिकांश...

गुम्दै जाँदा, परपुरुष या परस्त्री सम्बन्ध देखिँदा हत्याको घटना हुने गरेको पनि पाइएको छ।

नेपालमा पछिल्लो समय अभिभावकीय निगरानीको कमीका कारण सामाजिक मर्यादा र अनुशासन हराउँदै गएका कारण पनि परिवारभित्रैका अर्थात् नजिकका व्यक्ति मार्ने क्रम बढेको प्रहरीको भनाइ छ।

### किन...

हत्या, हिंसा जस्ता जघन्य अपराधले नागरिकमा त्रास फैलिएको छ।
हत्याका घटना बढ्नुमा आपसी कलह, सम्पत्तिको लोभलगायत पनि कारण देखिएका छन्। कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रवक्ता नारायण डाँगीका अनुसार सामान्य विवादलाई पनि ठूलो 'इस्यु' बनाएर व्यक्ति हत्यासम्म पुग्ने गरेको देखिन्छ।

### निजी...

कानुनबमोजिम स्थापित आयोग, समिति, संस्थान, प्राधिकरण, निगम, कम्पनी, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद्, बैंक, मेडिकल कलेज र सोसम्बद्ध अस्पताल वा यस्तै प्रकृतिका अन्य कुनै संगठित संस्थालाई सार्वजनिक संस्थाको रूपमा परिभाषित गरिएको छ।

प्रस्तावित यो परिभाषालाई संसद्ले स्वीकार गरे अख्तियारले कम्पनी, बैंक, मेडिकल कलेज र सोसम्बद्ध अस्पताल वा यस्तै प्रकृतिका अन्य कुनै संगठित संस्थाको आर्थिक कारोबारमाथि अनुसन्धान गर्ने अधिकार अख्तियारले राख्ने छ। यसलाई महासंघले संविधानसँग अमिल्दो व्यवस्था रहेको बताएको हो।

राज्य व्यवस्था समितिले महासंघको मागसहितका विषयलाई अध्ययन गरेर विधेयकमा सहमति जुटाउन संसदीय उपसमिति गठन गरेको छ। हृदयराम थानी नेतृत्वको १२ सदस्यीय उपसमितिमा सांसदहरू अशोककुमार राई, चन्दा कार्की भण्डारी, दिलेन्द्रप्रसाद बडू, प्रकाश अधिकारी, बुद्धिमान तामाङ, रघुजी पन्त, राजेन्द्रप्रसाद पाण्डे, लीलानाथ श्रेष्ठ, सरिता प्रसाईं, सर्वेन्द्रनाथ शुक्ला र हितराज पाण्डे सदस्य छन्।

# संघीय निजामती विधेयकका संशोधनकर्तासँग छलफल सुरु



**काठमाडौं/मस-** प्रतिनिधिसभा राज्य व्यवस्था तथा सुशासन समितिले सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका संशोधनकर्तासँग छलफल सुरु गरेको छ।

समितिको आइतवार बसेको बैठकमा संशोधनकर्ताले जनतालाई राज्यका तर्फबाट दिइने सेवाप्रवाहलाई सरल, सहज र सुलभ बनाउनुपर्ने निजामती कर्मचारी व्यक्तिगत लाभ र आफ्नै सेवासुविधा प्राप्तिमै रुमलिरहेकाले अहिलेको अवस्था अन्त्य हुनुपर्ने धारणा राखे।

सेवा प्रवाहका आधारमा पदोन्नति हुने व्यवस्था बनाइनुपर्ने आवश्यकता औंल्याउँदै उहाँहरूले राज्यबाट सेवासुविधा लिएको व्यक्ति नयाँ सरकार आउनसाथ सरुवा हुने प्रवृत्ति अन्त्य हुनुपर्ने विचार प्रकट गरे।

यसअघि बैठकमा सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले निजामती कर्मचारीलाई राजनीतिक रूपमा तटस्थ, पेसागत रूपमा सक्षम तथा समावेशी, व्यावसायिक र सहभागितामूलक बनाउने विधेयक ल्याइएको बताए। उनले भने, 'निजामती सेवालाई उच्च मनोबलयुक्त र नैतिकवान् बनाई राज्यका तर्फबाट प्रदान गरिने सार्वजनिक सेवालाई प्रभावकारी रूपमा सञ्चालन गर्न ऐन निर्माणका लागि विधेयक ल्याइएको हो।'

निजामती सेवालाई राष्ट्रहित र सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध राजनीतिक रूपमा तटस्थ, पेसागत रूपमा सक्षम, सुदृढ सेवामूलक उत्तरदायी र व्यवसायी बनाउँदै सुशासनमुखी संयन्त्रका रूपमा विकास गर्न सरकारले विसं २०८० फागुनमा यो विधेयक सदनमा दर्ता गराएको थियो।

राज्यको पुनःसंरचनासँगसँगै प्रशासनिक पुनःसंरचनापश्चात् सङ्घीय निजामती सेवा सञ्चालनका लागि कर्मचारीको सेवा सर्त र सुविधासम्बन्धी कानुनलाई सङ्घीयताअनुरुप सञ्चालन र व्यवस्थापन गर्ने विधेयकको उद्देश्य रहेको छ।

मुलुकको प्रशासनिक प्रणालीलाई शासकीय व्यवस्थाअनुरुप सुव्यवस्थित, कार्यात्मक र नतिजामुखी तुल्याउन एवं प्रशासनिक सङ्घीयतालाई प्रभावकारी बनाउन सङ्घीय निजामती सेवा ऐन जारी गर्नुपर्ने आवश्यकता रहेको मन्त्री गुप्ताको भनाइ थियो। उनले स्थायी सरकारका रूपमा रहेको निजामती सेवामा कार्यरत कर्मचारीलाई राजनीतिक अस्थिरताका कारण सरकारको फेरबदलसँगै सरुवा गर्ने प्रवृत्ति अन्त्य गर्दै यसलाई व्यवस्थित र अनुमानयोग्य बनाउन आवश्यक रहेको बताए।

युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले थारू समुदायको निजामती सेवामा प्रवेशका सन्दर्भमा अदालतबाट भएको फैसला कार्यान्वयन गर्न सहज होस् भन्ने हेतुले संशोधन दर्ता गरेको प्रतिक्रिया दिए।

# एनसेल फाउन्डेसन, साथी र जोन्टा क्लबद्वारा 'ओरेन्ज द स्कुल'अभियान




**काठमाडौं/मस-** एनसेल फाउण्डेसन, साथी संस्था र जोन्टा क्लब अफ काठमाडौंले लैङ्गिक हिंसा अन्त्य गर्ने आफ्नो साझा प्रतिबद्धतालाई अगाडि बढाउन 'ओरेन्ज द स्कूल'अभियान संचालन गरिरहेका छन्। यो अभियान लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान र ग्लोबल जोन्टा 'सेज नो' अभियानअन्तर्गत आयोजना गरिएको कार्यक्रममध्ये एक हो। यस अभियानअन्तर्गत हालसम्म १० विद्यालयमा करिब १,५०० विद्यार्थीहरूलाई प्रत्यक्ष रूपमा सहभागी गराइसकिएको छ।

यस कार्यक्रमको मुख्य उद्देश्य विद्यार्थी र शिक्षकहरूलाई लैङ्गिक हिंसा, बालविवाह, साइबर बुलिङ, साइबर सुरक्षा तथा डेटा प्राइभेसी जस्ता जान्नै पर्ने विषयहरुमा जानकारी दिने र सुरक्षित तथा समान वातावरणको प्रवर्धन गर्न कदम चाल्नुको महत्वबारे सचेतना जगाउने रहेको छ। 'ओरेन्ज द स्कूल'अभियानले विद्यालयमा यी मुद्दाहरूबारे चेतना जगाउने र सामूहिक प्रयासबाट सुरक्षित समुदाय निर्माण गर्न प्रेरणा दिने उद्देश्य राखेको छ।

यस अभियानको दौरान बालविवाह, साइबर सुरक्षा र घरेलु हिंसाबारे छलफल, भिडियो प्रदर्शन र अन्तरक्रियात्मक सत्रहरू विद्यालयहरूमा सञ्चालन भइरहेका छन्। यसले विद्यार्थी र शिक्षकहरूलाई यी विषयमा बुझाइ र वकालत गर्न सक्षम बनाउने प्रयास गरेको छ। २६ नोभेम्बर देखि १० डिसेम्बरसम्म सञ्चालन हुने यस अभियान अन्तर्गत काठमाडौं उपत्यकाका सरकारी तथा निजी विद्यालयहरूमा जनसचेतनामुलक कार्यक्रमहरू सञ्चालन भइरहेका छन्।

# सेसेल्समा रहेका नेपालीद्वारा रक्तदान



**अनिल बानिया/मध्यान्ह**
सेसेल्स, २३ मंसिर

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् सेसेल्सद्वारा भिक्टोरिया माहीको सरकारी अस्पतालमा आयोजित रक्तदान कार्यक्रम सम्पन्न भएको छ। करिब ४४ जनाले रक्तदान गर्न उपस्थिति जनाएकोमा विविध कारणले २६ जनाले मात्र रक्तदान गरेका छन्।

एनआरएन सेसेल्सले हरेक चार महिनामा सेसेल्सका तीन वटा ठूला टापुहरु माहे, प्रास्लिन र लादिकमा क्रमशः रक्तदान कार्यक्रम आयोजना गर्दै आएको एनआरएन सेसेल्सका अध्यक्ष मनोज विकले जानकारी दिए।

सानो देश भएता पनि रगतको अभाव नहोस् भनेर विगत लामो समयदेखि एनआरएन सेसेल्सले सेसेल्स पुलिस र रेडक्रस सोसाइटी सेसेल्ससँगको सहकार्यमा रक्तदान कार्यक्रम आयोजना गर्दै आएको छ।

# पाटन दरबार संग्रहालयमा नयाँ प्रदर्शनी कक्ष थपिँदै

**ललितपुर/मस-**ललितपुरको पाटन दरबार संग्रहालयमा नयाँ प्रदर्शनी कक्ष थप हुने भएको छ। विश्वसम्पदा सूचीमा रहेको पाटन दरबार क्षेत्रमा अवस्थित संग्रहालयमा ऐतिहासिक कलाको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले प्रदर्शनी कक्ष थप गर्न लागेको हो।

हाल तीन वटा ऐतिहासिक भवनमा प्रदर्शनी कक्ष रहेका भन्दै ती भवनमा परम्परागत कला झल्कने नयाँ प्रदर्शनी कक्ष थप्न लागिएको दरबार संग्रहालयका प्रमख सुरेशमान लाखेले जानकारी दिए। उनका अनुसार अन्तर्राष्ट्रिय संग्रहालय दिवस अघि (आगमी जेठ) भित्र उद्घाटन गर्नेगरी प्रदर्शनी कक्ष विस्तारको काम अघि बढेको छ।

नयाँ थपिएको प्रदर्शनी कक्षमा कलात्मक मूर्ति निर्माण गर्ने चरण प्रक्रियालाई प्रदर्शनीमा राखिने लाखेले जानकारी दिए। ढुंगा, काठ र धातुबाट मूर्ति बनाउन सकिने भन्दै उनले मूर्ति निर्माणको चरणबद्ध प्रक्रिया प्रदर्शनमा राखिने उल्लेख गरे।

नयाँ थपिएको कक्षमा राख्न ललितपुरका लोक चित्रकारले पौवा, भक्तपुरका इन्द्रकाजी सिल्पकारले काष्टकला र ललितपुर भैंसेपाटीका चन्द्रस्याम डुंगोलले ढुंगाको मूर्ति निर्माण गरी उपहारस्वरूप संग्रहालयलाई हस्तान्त्रण गर्ने जनाइसकेको उनले बताए।

संग्रहालयका प्रमुख लाखेका अनुसार नयाँ थपिने कक्षमा उपहारस्वरूप कला हस्तान्त्रण गर्ने सबैलाई उद्धाटन समारोहमा सम्मान गरिनेछ। संग्रहालयमा कलात्मक मूर्तिसहित अन्य ऐतिहासिक सामग्री राखिएका भन्दै सिंगो ढुंगा र काठबाट कसरी मूर्तिकोस्वरूप दिइन्छ भन्ने प्रक्रिया प्रदर्शनीमा नरहेकाले थप कक्ष विस्तार गर्न लागिएको उनले जानकारी दिए।

नयाँ कक्षमा थपिने कालात्मक प्रदर्शनीले परम्परागत कला, संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्नुका साथै आन्तरिक तथा बाह्य पर्यटकलाई परम्परागत सीपको अध्ययन गर्ने अवसर प्रदान गर्ने प्रमुख लाखेले बताए। 'पर्यटकलाई संग्रहालयमा सधैँ एकैप्रकारका ऐतिहासिक सामग्री देखेर दिक्क लाग्नु स्वभाविक हो', उनले भने, 'त्यसैले हामीले नयाँ कलात्मक सामग्री थपेमा संग्रहालयको आकर्षण बढाउने र पर्यटन प्रवर्द्धन गर्ने योजना बनाएका हौं।'

# मानवअधिकारको परिपालना गर्नु सबैको दायित्व : अध्यक्ष दाहाल



**काठमाडौं/मस–** राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले मानव अधिकारको मानव अधिकारको परिपालना गर्नु राज्य र हरेक व्यक्तिको दायित्व भएको बताएका छन् ।

७६औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका अवसरमा आइतबारदेखि ललितपुरको जावलाखेलमा शुरु भएको १६औं मानवअधिकार राष्ट्रिय महाभेला २०८१ को उद्घाटन गर्दै अध्यक्ष दाहालले राज्यले मानव अधिकारको सुनिश्चितता र हरेक व्यक्तिले त्यसको परिपालना गर्नुपर्ने बताए ।

'मानवअधिकार रक्षाको विषय समग्र सीमान्तकृत समुदाय, बहिष्करणमा परेका वर्ग र समुदायको संरक्षण तथा संवर्द्धनको पक्षमा उभिनु हो । यसको संरक्षण तथा संवर्द्धनका काम गर्नु हरेकको साझा दायित्व हो', उनले भने । अध्यक्ष दाहालले राज्य र राज्यका हरेक निकायले विपन्न र सीमान्तीकृत समुदायको मानव अधिकारको रक्षाको विषयमा प्रतिबद्ध हुनुपर्ने धारणासमेत राखे । 'मानव अधिकारको कुरा गर्दा सीमान्तकृत नागरिकमैत्री भएर छलफल हुनु जरूरी छ । समान अवसर र समानुपातिक न्यायका लागि अधिकार संरक्षणमा बाधक भएका नीति नियम परिवर्तन गर्न जरूरी छ। यस्तै समाजलाई समतामूलक बनाउनु हामी सबैको दायित्व हो' उनले भने ।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले सीमान्तकृत समुदायका लागि राष्ट्रिय मानव अधिकार आयोगले काम गरिरहेको बताए । उनले मानव अधिकारका विषयमा अध्ययन प्रतिवेदनसहित सरकारमा पेस गरिए पनि त्यसको कार्यान्वयन फितलो रहेको बताए ।

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले मानवअधिकार रक्षा राज्यको मात्रै दायित्व नभई प्रत्येक व्यक्तिको दायित्व भएकामा ध्यानाकर्षण गराए । महिला अधिकार राज्य पक्षभन्दा गैरराज्य पक्षबाट बढी हनन भइरहेकाले यसलाई रोक्न राज्यले कडाइका साथ दण्डित गर्नुपर्नेमा जोड दिए । आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापामगरले मानव अधिकारका सन्दर्भमा संविधानमा गरिएको विशिष्टीकृत व्यवस्था इमानदारीपूर्वक पालना गर्न सम्बद्ध निकायलाई आग्रह गरे ।

राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्मा र थारू आयोगका अध्यक्ष विष्णुप्रसाद चौधरीले नेपाल सरकारले विभिन्न समयमा हरवाचरवा र कमैया राख्ने प्रथाको अन्त्य गरेको भए पनि आधारभूत आवश्यकता पूरा गर्न नसकेकाले यो प्रथा कायमै रहेको धारणा राखे । उनीहरूले सीमान्तीकृत समुदाय विस्थापित हुने अवस्थामा रहेकाले तत्काल व्यवस्थापनका लागि सरकारको ध्यानाकर्षण गराएका थिए ।

राष्ट्रियसभा सदस्य भुवन सुनारले ऐन कानुन निर्माणका क्रममा सीमान्तकृत समुदायको आवाजलाई समावेश गरेर हकअधिकार स्थापित गर्न पहल गर्ने बताए ।

एफएचआई ३६० का नेपाल निर्देशक भगवान श्रेष्ठ, गैरसरकारी संस्था महासंघका उपाध्यक्ष भावना भट्ट, महाभेला २०८१ का सहसंयोजक दीपक सोनी, महाभेलाका पूर्वसंयोजक नरेन खतिवडालगायतले शक्ति राष्ट्रहरूले लडाइँ र युद्धका घटना निम्त्याएर मानवअधिकारको हनन गरेको बताएका थिए ।

मानवअधिकार राष्ट्रिय महाभेलाका संस्थापक संयोजक चरण प्रसाईंले सबै संस्थाका मानव अधिकारवादीहरूलाई एकताबद्ध भएर दिवस मनाउन महाभेलाको सुरुवात गरिएको बताए ।

मानवअधिकार महाभेलामा चार दशकदेखि महिला तथा बालबालिकाको क्षेत्रमा कार्यरत साहित्यकार तथा समाजसेवी दुर्गा घिमिरेलाई पुरस्कृत गरिएको थियो ।

त्यस्तै, २०६३ सालदेखि दलित महिला मानवअधिकारका क्षेत्रमा क्रियाशील किस्मतीदेवी रामलाई शान्तलक्ष्मी श्रेष्ठ महिला मानवअधिकार पुरस्कार प्रदान गरिएको छ । पुरस्कारको राशि रु ३० हजार रहेको छ ।

# पूर्वउपराष्ट्रपति पुनकी बुहारीविरुद्ध पक्राउ पुर्जी जारी




**काठमाडौं/मस–** सहकारी ठगी प्रकरणमा माओवादी केन्द्रका नेता दीपेश पुनकी श्रीमती सविना आलेविरुद्ध पक्राउ पुर्जी जारी भएको छ । उनी पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनकी बुहारी हुन् ।

स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाको रकम अपचलनमा संलग्न आरोपमा काठमाडौं जिल्ला अदलालतबाट सविनाविरुद्ध पक्राउ पूर्जी जारी भएको हो । सविना कालीमाटीस्थित स्वर्णलक्ष्मी सहकारीमा लेखा समिति सदस्यको रूपमा आबद्ध थिइन् ।

कालिमाटीस्थित स्वर्णलक्ष्मी सहकारी ठगी प्रकरणमा जोडिएपछि माओवादी केन्द्रका नेता दीपेश पुनकी श्रीमती सविना आले मगर विगत तीन महिनादेखि फरार छिन् । आले मगरविरुद्ध २ भदौमा काठमाडौं जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएको थियो । जिल्ला प्रहरी परिसरले दोस्रो लटमा आलेमगरविरुद्ध पक्राउ पुर्जी जारी गरेको हो ।

स्वर्णलक्ष्मी सहकारीले १ अर्ब ११ करोड रुपैयाँभन्दा बढी रकम अपचलन गरेको आरोप छ । स्वर्णलक्ष्मी ठगी प्रकरणमा ६४५ बचतकर्ताले प्रहरीमा जाहेरी दिएका थिए । अखिल क्रान्तिकारीका महासचिव समेत रहेका पुन यसअघि सहकारी ठगी प्रकरणमा पक्राउ परेका थिए । उनीविरुद्ध वुटवलको सुप्रिम सहकारी ठगीमा पक्राउ पुर्जी जारी भएको थियो । त्यतिबेला उनी धरौटीमा रिहा भएका थिए ।

# वडा अध्यक्ष र सचिवसहित ७ जनाविरुद्ध पक्राउ पुर्जी




**काठमाडौं/मस–** धादिङको धुनीबेशी नगरपालिका-४ का वडाध्यक्ष र सचिवसहित ७ जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। सरकारी कागजात कीर्ते गरेको आरोपमा उनीहरुविरुद्ध गत मंसिर १२ गते जिल्ला अदालत धादिङबाट पक्राउ पुर्जी जारी भएको हो ।

जिल्ला प्रहरी कार्यालय धादिङको अनुरोधमा वडाध्यक्ष हरिप्रसाद सुवेदी, तत्कालीन वडासचिव मिलन कुमार सुवेदी, उक्त वडाका अर्का कर्मचारी निर्मल गौतम, धादिङकै थाक्रे गाउँपालिका-८ का २९ वर्षीय रविन्द्र तामाङ, धुनीवेशी-४ का ३० वर्षीय राजु तामाङ, धुनीवेशी-४ कै ५५ वर्षीय मदन दमाई र काठमाडौंको तार्केश्वर नगरपालिका-४ पुरोना गुहेश्वरी बस्ने ३६ वर्षीय जमुना परियार विरुद्ध पक्राउ पुर्जी जारी भएको हो । पक्राउ पुर्जी जारी भएपछि वडाध्यक्ष सुवेदी भने मोबाइल अफ गरेर सम्पर्कविहीन भएका छन् ।

उनीहरूविरुद्ध कीर्तेको कसुरमा अनुसन्धानका लागि पक्राउ पुर्जी जारी भएको जिल्ला प्रहरी कार्यालय धादिङले जनाएको छ ।

# लामिछानेको जीवनरक्षाको माग गर्दै आयोगमा निवेदन



**काठमाडौं/मस–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपाले) सभापति रवि लामिछानेलाई सरकारले व्यक्तिगत मानवअधिकार हनन् गरेको भन्दै मानवअधिकार आयोगमा निवेदन दिएको छ ।

पार्टी कार्यवाहक महामन्त्री कवीन्द्र बुर्लाकोटीले दिएको उजुरीमा प्रहरीले अनुसन्धानका लागि भनी लामिछानेलाई लगेको दिनदेखि विभिन्न किसिमले मानसिक यातना दिनुका साथै मानवअधिकार समेत हनन् गरेकाले राज्य संयन्त्रबाट अमानवीय, अपमानजनक तथा गैरन्यायिक व्यवहार हुँदै आएकोतर्फ ध्यानाकर्षण गराएका छन् ।

पार्टीले निवेदनमार्फत लामिछानेको जीउ ज्यानको सुरक्षा तथा मानवअधिकारको रक्षा गरी न्याय प्रदान गर्न मानवअधिकार आयोगको माध्यमबाट राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय मानवअधिकारकर्मी व्यक्ति तथा संघ-संस्था समक्ष अपिल समेत गरेको छ ।

# मेयर कठायतको उजुरीपछि पक्राउ परे प्रशासन प्रमुख

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २३ मंसिर

जुम्लाको चन्दननाथ नगरपालिकाका मेयर राजुसिंह कठायतले प्रहरी समक्ष जाहेरी दिएपछि नगरपालिकाका सातौं तहका अधिकृत एवम् प्रशासन शाखा प्रमुख क्षेत्रबहादुर बुढथापा पक्राउ परेका छन् ।

प्रमुख बुढथापालाई प्रहरीले नियन्त्रणमा लिएसँगै चन्दननाथ नगरभित्र विवाद उत्पन्न भएको छ ।

चन्दननाथ नगरपालिका जुम्लाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत धर्मराज न्यौपानेले यही मंसिर ९ गते रमानापत्र लिएर बैजनाथ गाउँपालिका बाँकेमा सरुवा जानुभन्दा २ दिन अगावै मंसिर ७ गते निमित्त प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न छैटौं तहका जनस्वास्थ्य निरीक्षक क्षेत्रबहादुर महतलाई जिम्मेवारी दिएपछि चन्दननाथ नगरपालिकाभित्र प्रशासकीय अधिकृतसम्बन्धी विवाद चर्किएको हो ।

चन्दननाथ नगरपालिकाभित्र सातौं तहका अधिकृतहरु कार्यरत हुँदाहुँदै न्यौपानेले आफुले रमानापत्र बुझेर जानुभन्दा दुई दिन अगावै छैटौं तहका महतलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिनु कानुन विपरीत भएको भन्दै चन्दननाथ नगरपालिकामा कार्यरत सातौं तहका अधिकृत क्षेत्रबहादुर बुढथापाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई चिठी लेखी विरोध गरेका थिए । अर्कोतिर सरुवा भइ जाने कर्मचारीले निमित्त दिन नमिल्ने कानुनी व्यवस्थालाई वेवास्ता गर्दै सातौं तहका कर्मचारी क्षेत्रबहादुर बुढ्थापा, खडानन्द चौलागाई, पूर्णसिंह ठकुरी हुँदाहुँदै छैटौं तहका कर्मचारी महतलाई कार्यकारी दिनुले न्यौपानेले पनि कानुनको उल्लंघन गरेको देखिन्छ ।

निजामति सेवा ऐन २०४९ को दफा ४६ मा कार्यालय प्रमुखको अधिकार प्रयोग गर्ने व्यवस्था अनुसार कुनै कार्यालयको प्रमुख बिरामी भइ वा अन्य कुनै कारणले छोटो अवधिको लागि अनुपस्थित भएमा निज मातहतको दरबन्दी वा विशेष दरबन्दीभित्रको वा रिक्त दरबन्दीमा काजमा खटिएको कर्मचारीमध्ये निकटतम ज्येष्ठ निजामती कर्मचारीले निजको निमित्त जनाई दैनिक कार्य सञ्चालन गर्न पर्ने भनिएको छ। तर तत्कालीन चन्दननाथ नगरपालिका प्रमुख प्रशासकीय अधिकृत न्यौपानले आफु सरुवा भइ जानु भन्दा दुई दिन अगाडि मनोमानी तरिकाले जनस्वास्थ्य निरिक्षक महतलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएपछि अहिले नगरमा विवाद चर्किएको छ ।




उपसचिव तहको दरवन्दी भएको चन्दननाथ नगरपालिका निमित्तकै भरमा सञ्चालन भइरहनु प्रशासनिक दृष्टिले बाञ्छनीय नभएकोले नगरपालिका प्रशासन शाखाका प्रमुख क्षेत्रबहादुर बुढ्थापाले यही मंसिर ११ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा नगरपालिका प्रशासन शाखाका प्रमुखको हैसियतले कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को परिच्छेद १२ को दफा ११४ को उपदफा १,२ र ३ मा भएको व्यवस्था विपरीत कानुनको उल्लंघन गरी आफ्नो व्यक्तिगत स्वार्थ परिपूर्तिका लागि यस चन्दननाथ नगरपालिकामा रहेका बरिष्ठ योग्य कर्मचारीहरुलाई जिम्मेवारी विहीन बनाइ कनिष्ठ कर्मचारीहरुबाट कार्य सञ्चालन गर्दै आएकोले कानुनमा भएको व्यवस्था तथा मन्त्रालयको निर्णय कार्यान्वयनका लागि अनुरोध गर्दै निवेदन दिएका थिए । उनको निवेदनमा यस नगरपालिकामा रहेको दरबन्दी राजपत्राङ्कित द्वितीय श्रेणी (उपसचिव) पठाइदिनु हुन समेत अनुरोध गरेका थिए । उनले दिएको निवेदनको आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मंसिर १८ गते चन्दननाथ नगरपालिका, जुम्लालाई निजामति सेवा नियमावली, २०५० को नियम ४६ बमोजिम त्यस नगरपालिका वा अन्तर्गत कार्यरत कर्मचारीहरुमध्ये ज्येष्ठ कर्मचारीबाट दैनिक प्रशासनिक कामकाज गराउने व्यवस्था मिलाउनु भनी पत्रचार पनि गरेको छ ।

त्यस्तै नगरपालिकाका एक कर्मचारीका अनुसार आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मंसिर १८ गते पठाएको पत्रअनुसार त्यहाँ कर्मचारीमध्येको जेष्ठताका आधारमा सातौं तहका क्षेत्रबहादुर बुढथापा भएको भन्दै उनले नै निमित्त प्रमुख प्रशासकीय अधिकृतको काम गरेका थिए । उनका अनुसार चन्दननाथ नगरपालिकाका मेयर राजुसिंह कठायतले बुढ्थापाले काम गर्न नपाउने भन्दै दर्ता चलानी लुकाई दिएका थिए ।

त्यसलगतै बुढथापाले मंसिर २२ गते शनिबार आफ्नो व्यक्तिगत फेसबुक पेजमा 'यो ऋणाली र धनीले धेरैलाई लखेटी सक्यो। आउनेले विचार गर्नु नभए सिताराम खडका र धर्मराज न्यौपानेलाई सोध्नु' भनेर स्टाटस लेखेर पोष्ट गरेका थिए । नगरपालिकाका मेयर राजुसिंह कठायतले हिजो २२ गते आइतबार सोही स्टाटसको आधारमा साइवरक्राइम अन्तर्गत जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएका थिए। सोही जाहेरीका आधारमा जिल्ला प्रहरी कार्यालय जुम्लाका निमित्त प्रमुख तथा प्रहरी निरीक्षक भानुभक्त अर्यालका अनुसार सोधपुछका लागि प्रहरी कार्यालयमा ल्याइएको बताएका छन् । अर्यालले भने, 'नगरको आन्तरिक विवादको विषयमा हामीलाई जानकारी छैन । मेयरले साइवरक्राईम गरेको भनी उजुरी दिएपछि यहाँ ल्याएका छौं । सोधपुछ गर्न बाँकी छ ।' यता चन्दननाथ नगरपालिका मेयर राजुसिहं कठायतले क्षेत्रबहादुर बुढथापालाई साइवरक्राईम अन्तरगतको उजुरी दिएको बताएका छन्। उनले नगरपालिकाका कर्मचारी भएर पनि आफ्नाविरुद्ध जथाभावी सामाजिक सञ्जालमा गालीगलौज गरेको बताएका छन् । त्यस्तै चन्दननाथ नगरपालिकाका मेयर कठायतले आइतबारदेखि निमित्त प्रमुख प्रशासकीय अधिकृतका रुपमा खडानन्द चौलागाईं नगरको कामकाजको लागि जिम्मेवारी दिएका छन् । निमित्त प्रमुख प्रशासकीय अधिकृतका रुपमा रहेका चौलागाईले आफुलाई मंसिर २३ गतेका दिनदेखि मेयर राजुसिंह कठायतले जिम्मेवारी दिएको बताए । जुम्लाको एक मात्र नगरपालिका जुम्लाको यो प्रशासकीय अधिकृतको विवाद प्रशासनिक हुँदै साइवर क्राइमको विवादनमा जानुले चन्दननाथ नगरपालिका झनै चर्को विवादतिर गएको देखिन्छ ।

# 'एग्रो पुलिङ र लहरेबत्ती व्यवस्थापन कार्यविधि, २०८१' स्वीकृत



**काठमाडौं/मस–** महानगरपालिकाको ३७ औं कार्यपालिका बैठकले 'एग्रो पुलिङ कार्यविधि' र 'लहरेवत्ती व्यवस्थापन कार्यविधि २०८१' स्वीकृत गरेको छ । आइतबार प्रमुख बालेन्द्र शाह (बालेन) को अध्यक्षतामा बसेको बैठकले कार्यविधिहरु स्वीकृत गरेको हो । बैठकका उपाध्यक्ष एवं महानगरपालिका उपप्रमुख सुनिता डंगोल, सचिव एवं प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंसहित कार्यपालिका सदस्यहरु बैठकमा सहभागी थिए ।

एग्रो पुलिङ महानगरपालिकाको स्वर्णिम योजना हो । अन्य पालिका र साझेदारसँगको सहकार्यमा महानगरबासीलाई गुणस्तरीय, स्वच्छ, ताजा खाद्यान्न तथा कृषिजन्य उत्पादन उचित मूल्यमा उपलब्ध गराउन उत्पादन तथा बिक्री वितरण गर्ने व्यवस्था कार्यविधिमा समेटिएका छन् । कार्यविधिअनुसार महानगरपालिकाले कृषि उत्पादनका पकेट क्षेत्र पहिचान गरिएका स्थानीय तहसँग अर्गानिक खाद्यबस्तु उत्पादन गर्ने र वितरणका लागि महानगरपालिकाभित्रका कृषि सहकारी वा कम्पनीसँग सम्झौता गर्नेछ। महानगरपालिका आफैंले कम्पनी खोल्न सक्ने कार्यविधिमा व्यवस्था छ । उत्पादकले गुणस्तरीय खाद्यान्न उत्पादन गर्ने, गुणस्तर परीक्षण गर्ने र महानगरपालिकामा भएको वितरकसम्म ढुवानी गर्ने काम गर्नेछ। उत्पादन, प्रशोधन तथा ढुवानीमा लाग्ने खर्च सम्बन्धित पालिकाले स्वीकृत गरेको दरमा गर्नुपर्नेछ । महानगरपालिकाले 'प्रविधि', 'अनुदान', 'जनशक्ति' र 'भौतिक सामान' सहयोग उपलब्ध गराउने सक्नेछ ।

पकेट क्षेत्रमा उत्पादन हुने बस्तुलाई विभिन्न ८ समूहमा बाँडिएको छ। त्यस समूहमा गुण मिल्ने अन्य खाद्यबस्तु समावेश हुन सक्ने व्यवस्था छ । यसअनुसार चामल, गहुँ, मकै, कोदो फापर एउटा समूहमा छन् । मास, मुसुरो, रहर र मुङ दाल दोस्रो समूहमा छन् । तेस्रो समूहमा सिमी, भटमास, गहत र बोडी राखिएको छ । आलु, तरुल, पिँडालुजस्ता खाद्यान्न चौथो समूहमा छन् । लसुन, प्याज, अदुवा, बेसार, खुर्सानी, टिमुर पाँचौं समूहमा छन्। छैटौं समूहमा तेल, घिउ र दुग्धजन्य पदार्थ छन्। माछा, अण्डा, कुखुरा, खसी र राँगाको मासु सातौं समूहमा छन्। मौसमी हरियो तरकारी र फलफुल आठौं समूहमा राखिएको छ । यी खाद्यान्न उत्पादन हुने ठाउँ पकेट क्षेत्र हुन सक्नेछन् ।

वितरकले महानगरपालिकाले स्वीकृत गरेको दररेटमा सामान विक्री वितरण गर्नेछ । खाद्यान्न भण्डारण गर्ने, गुणस्तर परीक्षण गर्ने, प्याकेजिङ गर्ने, लेवलिङ्ग गर्ने र विक्री वितरण गर्ने काम वितरकको हुनेछ । यसबाट किसानहरुले उचित मूल्य पाउने र उपभोक्ताले गुणस्तरीय खाद्यान्न प्राप्त गर्ने अवस्था सुनिश्चित हुनेछ ।

यसको व्यवस्थापन गर्न सहकारी, कृषि तथा पशुपन्छी समितिका संयोजकको संयोजकत्वमा ५ सदस्यीय निर्देशक समिति गठन हुनेछ । समितिले क्षेत्रगत सर्त, सहयोगलगायतका काम कार्यपालिकासँग उत्तरदायी भएर काम गर्नेछ ।

लहरे बत्ती व्यवस्थापन कार्यविधिबमोजिम सजावट वा सुन्दरताका लागि कुनै पनि बोट विरुवामा लहरे बत्ती राख्न पाइँदैन। अन्य व्यावसायिक तथा सार्वजनिक स्थानमा वत्ती राख्न वातावरण व्यवस्थापन विभागका अनुमति लिनुपर्नेछ। सजावट र सुन्दरताका लागि राखिएका बत्तीको गुणस्तर, जनस्वास्थ्य र वातावरणमा पार्ने नकारात्मक प्रभाव, प्राणी र जीवहरुको बास, आहार तथा आवतजावतमा पार्ने नकारात्मक असर घटाउने विषयहरु कार्यविधिमा समेटिएका छन् । कार्यविधिले जात्रा पर्वमा प्रयोग गरिने बत्तीहरु बढीमा ७ दिनसम्म राख्न सकिने व्यवस्था गरेको छ। बैठकले ५ वटा कार्यविधि तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गरेको छ । यसरी सहमति प्राप्त कार्यविधिहरु 'कोसेली घर सञ्चालन तथा व्यवस्थापन कार्यविधि', 'स्वरोजगार नगरबासी सम्बन्धी कार्यविधि', 'उद्यमशीलता, व्यवसाय इन्कुवेसन केन्द्र, प्रविधि अनुसन्धान, नवप्रवर्तन केन्द्र तथा कोष सञ्चालन कार्यविधि', र 'एग्रो पुलिङ् कार्यविधि' हुन्। यस्तै 'राष्ट्रिय सभा गृह सञ्चालन तथा व्यवस्थापन निर्देशिका', 'बाल कोष सञ्चालन मापदण्ड' तर्जुमा गर्न, 'नेपाल भाषा पाठ्यक्रम तथा स्थानीय पाठ्यपुस्तकहरुमा समसामयिक संशोधन तथा परिमार्जन' 'कल सेन्टर (सम्पर्क केन्द्र) सञ्चालन निर्देशिका, २०७९' संशोधन गर्न सैद्धान्तिक सहमति प्राप्त भएको छ ।

**कर्मचारी आवश्यकता**

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ यथाशिघ्र यस प्रालिमा सम्पर्क राख्नुहोला ।

पब्लिक रिलेसन अफिसर (पि.आर.ओ) - २ (पुरुष/महिला)
डकुमेन्टेसन - ३ (पुरुष/महिला)
अनुभव : (सम्बन्धित फिल्डमा काम गरेको हुनुपर्ने छ।)
तलब आपसी समझदारीमा तय गरिनेछ ।

क्यापिटल इन्टरनेशनल मेनपावर प्रा. लि.
श्रम इजाजत नं: ५४३/०६१/०६२
बसुन्धारा, काठमाडौं, फोन नं.: ४९८४१९१, Email: capital2004@yahoo.com

मध्यान्ह
www.madhyanhadaily.com

२४ मंसिर २०८१, सोमबार
9 December 2024, Monday

## सम्पादकीय

# विश्वास गुम्ने बोली

गृह नगर झापा पुगेका प्रधानमन्त्री केपी शर्मा ओलीले आइतबार एक कार्यक्रममा दिएको अभिव्यक्तिप्रति धेरैको चासो देखियो । नेकपा एमालेका अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीको अभिव्यक्ति चासोपूर्ण नै थियो । सहकारी बचत रकम ठगी आरोपको छानबिनका क्रममा प्रहरी हिरासतमा रहेका रास्वपाका सभापति रवि लामिछानेलाई प्रधानमन्त्री ओलीले व्यंग्य गरेका थिए । प्रधानमन्त्री ओलीले भनेका थिए, 'देश चलाउन सिद्धान्त, नीति, संकल्प र अठोट चाहिन्छ, सहकारी ठगेजस्तो सजिलो कहाँ छ र !' प्रधानमन्त्री ओलीले रवि लामिछानेको नाम लिएनन् तर व्यंग्य उनीमाथि रहेको जोसुकैले बुझे । त्यसैले प्रधानमन्त्री ओलीको अभिव्यक्तिलाई बडो रूचिका साथ धेरैले हेरेको पाइयो । प्रधानमन्त्री ओलीको पृष्ठभूमि बुझ्नेका निम्ति भने यो नौलो कुरा होइन । मन नपरेका पात्र र प्रवृत्तिविरूद्ध तीतो अभिव्यक्ति दिनु प्रधानमन्त्री ओलीसँग अलग नहुने विगत हो । ४ पटक प्रधानमन्त्री भइसक्दा पनि उनको शैली परिवर्तन नभएको पछिल्लो उदाहरण रविविरूद्ध बोल्नु हो ।

तर, रविविरूद्ध ओली अहिले यसरी बोल्नुलाई विगतका अरू तिखा अभिव्यक्तिकै शिलशिलाका रूपमा मात्र लिन हुँदैन किनकि अहिले उनी देशका कार्यकारी प्रधानमन्त्री हुन् । देशको कार्यकारी प्रधानमन्त्रीले प्रहरी हिरासतमा राखेर अनुसन्धान गरिँदै गरेको अर्को नेतामाथि बोल्दा ध्यान दिनुपर्छ । अझ लामिछानेसँग जोडिएको प्रकरणमा प्रधानमन्त्रीले गम्भीरता अपनाउनु जरूरी छ किनकि रवि अघिल्लो सरकारका गृहमन्त्री थिए । रवि गृहमन्त्री रहेको सत्ता समीकरण भत्केर ओली प्रधानमन्त्री बनेका हुन् । अर्कातिर रास्वपाले रवि पक्राउ र अनुसन्धानलाई राजनीतिक प्रतिशोध भनिरहेको छ । रविको मुद्दालाई राजनीतिक प्रतिशोध भन्ने निष्कर्षमा अरू विपक्षी दलहरूबाट पनि समर्थन जुटिरहेको छ । विपक्षमा रहेका नेताहरूले रविलाई भेटेर सरकारको नियतमाथि अप्रत्यक्ष दबाब सिर्जना गरिरहेका छन् । यस्तै बेला प्रधानमन्त्री ओलीले एकपछि अर्को अभिव्यक्ति रविविरूद्ध दिइरहनुलाई सामान्य रूपमा लिन मिल्दैन ।

रवि पक्राउ गरिनु राजनीतिक प्रतिशोध भएको रास्वपाको प्रचारलाई बल पुग्नेगरी प्रहरी प्रशासनबाट पनि निर्णय भएको छ । गएको २ कात्तिकमा पक्राउ परेका रविलाई चितवनबाट रातको समयमा पोखराको हिरासतमा सारिएको थियो । त्यसै पनि बयानका लागि भनेर पोखरा, बुटवल, काठमाडौं र चितवन गरिँदै आएका रविलाई रातको समयमा हिरासत सारिएकामा रास्वपाको गम्भीर आपत्ति छ । उसले मानवअधिकार आष्योग गुहारेको छ । त्यस्तै बेला प्रधानमन्त्री ओलीले रविप्रति कटु शब्द प्रहार गरे, जुन प्रधानमन्त्रीको हैसियतमा बोलिने शब्द होइन । यी समग्र घटनाक्रमले न्यायिक प्रक्रियामाथि विश्वास गुम्ने छ । नागरिकलाई न्याय दिलाउनुपर्ने राज्य आफैं राजनीतिक दुष्चक्रमा फसेको सन्देश जाने छ । अहिले जसरी घटनाक्रम विकास भइरहेको छ, यसले सहकारीपीडितले त न्याय पाउने छैनन् नै, मुलुकको न्यायिक प्रक्रियाप्रति नागरिकको विश्वाससमेत गुम्ने छ । तसर्थ, देशको कार्यकारी प्रमुखले कसैका विरूद्ध पनि प्रतिशोध राखेर निर्णय लिँदैनन् भन्ने पुष्टि गर्नु आवश्यक छ ।

# व्यवस्था, समृद्धि र वैदेशिक रोजगारी

वर्तमान व्यवस्थाको नेतृत्वकर्ता शक्तिहरू युवालाई विदेश पठाउने र केही बुर्जुवा समुदायको साथ लिएर सत्ता चलाउने नीतिमा रमाइरहेका जस्तो देखिन्छ, उनीहरूको नीतिले तत्कालीन रूपमा राहत दिएको अनुभूति गरिएको भए पनि यो देशलाई खोक्रो बनाउने तरिका मात्र हो

अग्रलेख



● ईश्वर बुढाथोकी

वैदेशिक रोजगारी हाम्रो लागि रहर होइन, बाध्यता हो । हाम्रो सन्दर्भमा वैदेशिक रोजगारी तत्कालीन अवसर पनि हो । यसले एकातिर व्यक्तिगत रूपमा रोजगारीको अवसर दिलाएको छ भने अर्कातिर युवाहरूलाई थप सीपयुक्त बनाउन पनि भूमिका खेलिरहेको छ ।

विदेशी भूमिमा काम गर्न बाध्य ऊर्जाशील युवाको कमाइबाट मुलुकको अर्थतन्त्र धानिनु पक्कै पनि सुखद विषय होइन । विदेशमा युवाले बगाएको श्रम र पसिनाबाट आएको रेमिटचान्सले कुनै पनि देशले प्रगति गरेका छैनन् र नेपालले पनि गर्न सक्छ भन्ने छैन । यद्यपि, विदेशी भूमिमा नेपाली युवाले बगाएको पसिनाको मूल्यले आज हाम्रो अर्थतन्त्र भने धानिएको कुरालाई इन्कार गर्न मिल्दैन । यसले एकातिर ठूलो संख्यामा युवाहरूलाई रोजगारी दिलाएको छ भने अर्कातिर अर्थतन्त्रलाई चलायमान गराउन पनि तत्कालीन रूपमा राहतको भूमिका खेलेको छ । यद्यपि, रेमिटचान्सले देशको समुन्नतिमा दीर्घकालीन योगदान गर्न सक्दैन भन्ने कुरालाई हामीलाई हेक्का राख्नै पर्छ ।

सरकारी तथ्यांकअनुसार गत वर्षभित्र मात्र १२ लाखभन्दा बढी युवा वैदेशिक रोजगारीमा गए । चालू आर्थिक वर्षका लागि बजेट घोषणा भएकै महिना (जेठ)मा पनि ७२ हजार ८६१ युवाहरू रोजगारी खोज्दै विदेशिएका थिए, जुन आँकडा प्रत्येक महिना बढिरहेको छ । यसले हाम्रो अवस्थालाई प्रस्ट पार्छ ।

विडम्बना नै भन्नुपर्छ, आँकडालाई केलाउँदा वैदेशिक रोजगारीमा जाने अधिकांश जनशक्ति अदक्ष छन् । जम्मा १ दशमलप ५ प्रतिशत मात्र सीप सिकेर जाने गरेका छन्, जसका कारण वैदेशिक रोजगारीमा जाँदा युवाहरू ठगिन बाध्य छन् ।

सम्बन्धित ठाउँको भाषा र सीप नहुँदा रोजगारदाताले हेप्ने र तलब कम दिने त गर्छन् नै, सँगै उनीहरू निकै जोखिमयुक्त काम गर्न पनि बाध्य हुन्छन् । यस्तोमा राज्यका तर्फबाट भने त्यस्ता युवालाई केन्द्रित गरी कुनै योजना बनाइएको पाइँदैन ।

यदि हामीले तत्कालीन रूपमा आएको रोजगारी र रेमिटचान्सको तथ्यांकप्रति गर्व मान्ने हो भने युवाहरूलाई दक्ष बनाएर पठाउनै पर्छ । एकातिर उनीहरू सीपयुक्त हुँदै गर्दा वैदेशिक रोजगारीमा राम्रो अवसर पाउँछन् भने अर्कोतिर देशलाई थप आर्थिक हिसाबले फाइदा हुन्छ । सँगै, उनीहरूको सीप यहीं पनि प्रयोगमा आउन सक्छ । अहिलेको अवस्थालाई हेर्दा युवाहरू सीपयुक्त नहुनुको कारण पनि वैदेशिक रोजगारीमा जान बाध्य भएको पाइन्छ ।

ध्यान दिनुपर्ने विषय, विश्वका कुनै पनि विकसित देशले प्राप्त गरेको समृद्धि सहजै प्राप्त भएको होइन, न आर्थिक विकास सहजै भएको हो । काम गरेर नै देश विकास हुने हो । उपयुक्त आर्थिक नीतिमार्फत लगानी र श्रम गर्नेलाई राज्यले उत्साह र प्रोत्साहन दिनुपर्छ । यद्यपि, हाम्रो मुलुकभित्र त्यस्तो अवस्था छैन ।

यदि हामीले मुलुकलाई समृद्धिको उचाइतर्फ लैजाने हो भने तत्कालीन र दीर्घकालीन आर्थिक नीति बनाएर अघि बढ्नै पर्छ । यद्यपि, हाम्रो मुलुकको नेतृत्वकर्तासँग यसरी नीति बनाउने ल्याकत देखिएको छ ।

यदि मुलुकको समृद्धिको तत्कालीन र दीर्घकालीन खाका बनाउने हो भने वैदेशिक रोजगारी पनि प्रमुख साधन हो भन्ने कुरा हामीले बिर्सनु हुँदैन, जसका कारण तत्कालीन रूपमा वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित बनाउनै पर्छ ।

वैदेशिक रोजगारीको सन्दर्भमा अहिलेको हाम्रो मुख्य चासो र प्राथमिकता वैदेशिक रोजगारीमा रहेका युवाहरूमाथि भइरहेको शोषण र ज्यादतीलाई रोक्दै व्यवस्थित, मर्यादित, सुरक्षित एवं भरपर्दो रूपमा काम गर्ने वातावरण निर्माण गर्नु हो । यो राज्यको कर्तव्य र कामदारहरूको अधिकार पनि हो ।

महिला हिंसा, असमानता, मानव तस्करी र अनियन्त्रित युवा श्रम पलायनलाई निरुत्साहित गर्ने कुरामा कुनै पनि प्रकारको सम्झौता हुनु हुँदैन । अलेखबद्ध अर्थात् गैरकानुनी हैसियत हुने अवस्था रोक्न रेकर्ड राख्ने व्यवस्था हुनुपर्छ । रेकर्ड भयो भने काम गर्न सजिलो हुन्छ । वैदेशिक रोजगारीको अव्यवस्थापन, ठगी र श्रमिकका पीडातर्फ राज्य संवेदनशील र जबाफदेही हुनु जरुरी छ ।

हामी सबैले बुझ्नुपर्ने विषय, वैदेशिक रोजगारी हाम्रा



लागि रहर होइन, बाध्यता हो । हाम्रो सन्दर्भमा वैदेशिक रोजगारी तत्कालीन अवसर पनि हो । यसले एकातिर व्यक्तिगत रूपमा रोजगारीको अवसर दिलाएको छ भने अर्कातिर युवाहरूलाई थप सीपयुक्त बनाउन पनि भूमिका खेलिरहेको छ ।

देशको मुख्य आम्दानीको स्रोत नै वैदेशिक रोजगारी बनिरहेको सन्दर्भलाई यसलाई उपेक्षा गर्न सकिन्नँ । यद्यपि, यसैलाई दीर्घकालीन बनाएर लैजाने विषय वस्तुसंगत छैन, जसले कहिल्यै नेपाललाई विकास गराउन दिँदैन ।

वर्तमान व्यवस्थाको नेतृत्वकर्ता शक्तिहरू युवालाई विदेश पठाउने र केही बुर्जुवा समुदायको साथ लिएर सत्ता चलाउने नीतिमा रमाइरहेका जस्तो देखिन्छ । उनीहरूको नीतिले तत्कालीन रूपमा राहत दिएको अनुभूति गरिएको भए पनि यो देशलाई खोक्रो बनाउने तरिका मात्र हो । यसको विकल्प खोजिनु अहिलेको आवश्यकता हो ।

वैदेशिक रोजगारीको विषय राजनीति र व्यवस्थासँग जोडिएको मुद्दा पनि हो । मुलुकको भविष्य के, युवाहरूको भविष्य के, आउने पुस्ताको भविष्य के, यी तमाम प्रश्न यी विषयसँग जोडिएर आउँछन् । वर्तमान सत्ताधारीहरूले यसैलाई देखाएर उपलब्धिको बखान गरेका पनि पाउँछौं । त्योभन्दा लज्जाको विषय अरू केही हुन सक्दैन ।

जनताले रोजेको संविधानमा जनताले खोजेको शासन प्रणाली हुनुपर्थ्यो । विद्यमान संविधान त केही पार्टीका शीर्ष नेताहरूको रुचिअनुसार जनताका लागि भनेर लागू गरिएको थियो । तर, यो विद्रोहको साध्य हुन सकेन । संविधानको काम शासन गर्नु होइन, शासनको नियम तर्जुमा गर्नुपर्ने हो ।

संविधान जनता आफैंले त्यसबेला लेख्छन्, जुनबेला आमूल परिवर्तन आफ्नै बलमा भएको हुन्छ र सामाजिक तथा आर्थिक जीवन पद्धतिमा ठूलो परिवर्तनको खाँचो तीव्र गतिमा महसुस हुन्छ । संविधानलाई सामाजिक तथा आर्थिक रूपान्तरणका लागि भन्दा पनि सहमतिको दस्तावेजको रूपमा ल्याइयो । समाज रूपान्तरणका मुद्दा प्रतिबिम्बित हुनेगरी पारदर्शी संविधान निर्माण हुनुपर्थ्यो । यद्यपि, संघीय गणतन्त्रको संविधान बनाउनुको सट्टा लोकतान्त्रिक गणतन्त्रात्मक संविधानमा सहमति गरियो । सबै अंगहरूमा सबै प्रकारका उत्पीडित समुदायहरूको पूर्ण समानुपातिक समावेशी प्रतिनिधित्व हुनुपर्छ भन्ने थियो ।

नेपालको वर्तमान मिश्रित निर्वाचन प्रणालीले कुनै पनि पार्टीले एकल सरकार बनाउन बहुमत ल्याउन नसक्ने निष्कर्ष निस्केको छ । समानुपातिक प्रतिनिधित्वको नाममा नातावाद, कृपावाद र आर्थिक चलखेल जस्ता विकृति मौलाएका छन् । देशमा धेरै पार्टीहरूको उपस्थितिले गठबन्धन गरी चुनाव लड्ने, सरकार बनाउने र फेरि भत्काउने खेलले निरन्तरता पाइरहेको छ ।

प्रत्यक्ष निर्वाचनबाट मात्र संसद् गठन हुने र प्रत्यक्ष निर्वाचनबाट नै कार्यकारी राष्ट्र प्रमुख वा प्रधानमन्त्री रोज्ने प्रणालीको व्यवस्था गर्न संविधान पुनर्लेखनका लागि दबाब दिनुपर्ने आवश्यकता महसुस गरिएको छ । संघ (केन्द्र) र स्थानीय गरी २ तह मात्र हुने र प्रदेश संरचनालाई हटाउने तथा आर्थिक व्ययभारलाई कम गर्ने ध्येयका साथ संविधान पुनर्लेखन गरिनुपर्छ । यसो भयो भने मात्र रोजगारीका अवसरहरू पर्याप्त मात्रामा स्वदेशमै उपलब्ध हुने र युवा श्रम पलायनमा कमी आउने अवस्था हुन सक्छ ।

## सामाजिक सञ्जाल



भीमार्जुन आचार्य

शाही आयोगले मध्यरातमा देउवालाई गिरफ्तार गरेको विरुद्ध २०६२ जेठ १ गते नेपालमा मेरो लेख प्रकाशित थियो । अपवादबाहेक नागरिकलाई मध्यरातमा पक्रने, बयान लिने, ओसारपसार गर्ने सबै काम कानुनतः वर्जित छ । रवि लामिछानेलाई मध्यरातमा ठाउँ स्थानान्तर गर्ने कार्यले विधिको शासनलाई पुनः लज्जित पारेको छ ।

सबैको मानवअधिकारलाई सम्मान गर्नुपर्छ । यसमा विवाद छैन । तर, सहकारीपीडितप्रति सहानुभूति राखेर एक वाक्य पनि नलेख्नेहरू रवि लामिछानेको मानवअधिकार खोजेर सामाजिक संजालमा सुँक्कसुँक्क गर्दै छन् । यतिको उत्कृष्ट नाटक देख्न पाएको भए सेक्सपियर र जर्ज बर्नाड शा पनि चकित पर्थे होलान् !



रञ्जित तामाङ



चन्द्र भण्डारी

यो कुन किसिमको सोच हो ? राष्ट्र र जनताको विकासको प्रतिबद्धता अटाउने ठाउँ कहाँ छ ? समान अवसर र न्याय कहाँ लुकेको छ ? जसले मत दिन्छन्, तिनीहरू नै ठगिएका छन् ! उनीहरूले नै विषादी खाइरहेका छन् । कुन रोग हो सुनेर बिर्सने, देखेर मात्र सम्झने, काम नै नगरेपछि कसरी बुझ्ने ?

२ महिनाभित्र भारत र चीनका शासकहरूसँगको भेट, अभिव्यक्ति र बडी केमेस्ट्रीबाट प्रधानमन्त्री ओली झस्किएको भए नेपालको इतिहास र भूगोलको हित हुने छ । चीनका राष्ट्रपति आउँदा घोषित ६० अर्बको अनुदान ७ वर्षमा पनि उपयोग गर्न नसक्ने अदक्ष शासकीय संयन्त्र बनाएको देशका लागि थप ९ अर्बको अनुदान फोटोको मिष्टान्न मात्र हो ।



रमेशनाथ पाण्डेय

## इतिहासमा आज

९ डिसेम्बर २००६ मा पाकिस्तानले परमाणु क्षमतायुक्त मध्यम दुरीको प्रक्षेप्यास्त्र 'हत्फ- ३ गजनवी'को परीष गरेको थियो ।



९ डिसेम्बर १९९२ मा बेलायती राजकुमार चार्ल्स र राजकुमारी डायनाले सम्बन्ध विच्छेदको औपचारिक घोषणा गरेका थिए ।



९ डिसेम्बर १९१७ मा जनरल अलेनबायको नेतृत्वमा बेलायती सेनाले जेरुसेलम कब्जा गरेको थियो ।



९ डिसेम्बर २०२० मा हिन्दीका प्रख्यात कवि एवं पत्रकार तथा साहित्य अकादमी पुरस्कार प्राप्त मंगलेश डबरालको निधन भएको थियो ।



## मेरो मत

# बीआरआईको विरोधभित्रको अन्तर्य

राजा महेन्द्र शाहले कोदारी राजमार्ग खोल्दा विरोध गर्ने इन्डो, पश्चिमाहरू नै थिए । महेन्द्रले कम्युनिस्ट बस चढेर आउँदैनन् भनेर जबाफ दिनुपरेको थियो । नेपाली कांग्रेसका तत्कालीन कार्यबाहक अध्यक्ष सुवर्णशम्शेर, सूर्यप्रसाद उपाध्याय, बी. पी. कोइरालाहरूले कोदारी राजमार्ग खोल्दा विरोधमा वक्तव्य नै निकालेका थिए । इतिहास फर्किएर हेर्न सक्नुहुन्छ ।

यतिबेला फरक के छ भने, राजावादी आवरणका महेन्द्रविरोधीहरू, नक्कली राष्ट्रवादीहरू ठीक राजा महेन्द्रले कोदारी राजमार्ग खोल्दा विरोधमा उत्रिएजस्तै गरी उत्रिएका छन् । कथित नक्कली राजावादीहरू खुला रूपमा आएका छन् भने अर्काथरि बीआरआई र एमसीसी दाजुभाइ हुन् ? भन्दै बीआरआईविरुद्ध अभिव्यक्ति दिइरहेका छन् । फरक यति मात्र हो ।

२०२७ सालमा इन्डियन चेक पोस्ट हटाउँदा इन्दिरा गान्धीले लगाएको नेपालविरुद्धको नाकाबन्दी, २०४५ सालमा बहुदलवादीलाई समर्थन गर्दै राजीव गान्धीले लगाएको नाकाबन्दी र २०७२ सालमा केपी शर्मा ओली प्रधानमन्त्री रहेको समयमा संविधान निर्माणपछि नरेन्द्र मोदी नेतृत्वको सरकारले लगाएको नाकाबन्दी राजनीति बीआरआई कार्यान्वयनले अन्त्य गर्ने देखिन्छ । भारतीय एकाधिकारलाई तोड्ने छ । यस कारण नक्कली राष्ट्रवादीदेखि नाकाबन्दी लगाएर बहुदलीय व्यवस्था ल्याउने बी. पी.वादी राजावादी, लोकतन्त्रवादी, उदारवादीहरूको निद्रा हराम हुन गएको छ ।

बीआरआईमा विश्वका १४० भन्दा धेरै मुलुक सहभागी छन् । त्यसमा नेपाल सातौं महत्त्वपूर्ण मार्ग हो । बीआरआईसँग जोडिएको केरुङ-काठमाडौं नाका ३ जेठ २०५८ मा चिनियाँ प्रधानमन्त्री झु रोङ जीको भ्रमणमा हस्ताक्षर भएको थियो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला यो सम्झौता गर्न खोजिरहेका थिएनन् । उनी राजीनामा लिएर राजा वीरेन्द्रसँग गएपछि राजाले राजीनामा नगर्न सुझाएर सम्झौता भएको थियो । सम्झौता भएको १६ दिनपछि १९ जेठ २०५८ मा दरबार हत्याकाण्ड भएको थियो । बीआरआईविरुद्ध भ्रम छर्ने कथित नक्कली राजावादी तिनै राजा वीरेन्द्रका विरुद्ध परिचालित हुन् भन्ने लाग्छ ।

बीआरआईको ८५ प्रतिशत खर्च चीन आफैंले गर्छ, बाँकी १५ प्रतिशत सम्बन्धित देशले चिनियाँ एक्जिम बैंकबाट सस्तो २ प्रतिशत ब्याजमा ऋण लिने हो । यसलाई चिनियाँ ऋणको पासो देख्नेहरू दक्षिण र पश्चिमका कन्स्पिरेसी थ्यौरी प्रयोग गर्ने अनुचरहरू मात्र हुन् । इतिहास पुरानै रूपमा दोहोरिँदैन नयाँ रूपमा अघि बढ्छ ।

आजभन्दा २२ सय वर्षपूर्व चिनियाँ सम्राटले अघि सारेको रेशमी मार्ग अहिले बीआरआईको रूपमा चीनले अगाडि सारेको छ भने कोदारी राजमार्गपछि नयाँ परिवेशमा बीआरआईलाई अगाडि बढाउँदै नेपाल अगाडि बढ्नु नेपालको हितमै छ ।

▶ अर्जुन ज्ञवाली

# यसरी सुध्रिन्न अर्थतन्त्र

नेपालको अर्थतन्त्र लथालिंग र भताभुंग अवस्थामा जाँदै गरेको देखिन्छ । विशेषगरी रेमिटचान्स र मुद्रा सञ्चितिको तत्कालीन अवस्थालाई हेरेर गर्व मान्ने हो भने बेग्लै होला तर अवस्थालाई मसिनोगरी केलाउने हो भने अवस्था छर्लंग हुन्छ । हाम्रो अर्थतन्त्र निकै खोक्रो बन्दै छ । समस्याहरू थुप्रिँदै छन्, जुन समस्याहरू निकै जटिल पनि बन्दै गइरहेका छन् । किन बैंकहरूमा अधिक तरलताको अवस्था पैदा भएको छ ? किन उद्योगहरूले ऋण प्रयोग गर्न सकिरहेका छैनन् ? किन व्यवसायीहरू निराश छन् ? यो अवस्थालाई केलायौं भने चित्र प्रस्ट हुन्छ । आज आवरणलाई देखाएर झुट बोलिएको छ तर वास्तविकता छोपिएको छ ।

सन् १९९६ सम्म नेपालको औद्योगीकरण १६ प्रतिशतका दरले बढिरहेको थियो । तर, सन् २००२ सम्म आइपुग्दा माइनस ६ प्रतिशतमा झर्‍यो, जसको निरन्तरता हालसम्म जारी छ । यसबीचमा अधिकांश उद्योगहरू बन्द हुन पुगे । नयाँनयाँ खोलिएका उद्योग पनि संचालनमा आउन सकेनन् । अहिले एकातिर उद्योगले बनाएको उत्पादन सम्बन्धको साइकल तोडिएको छ भने अर्कातिर हाम्रो समग्र अर्थतन्त्र आयातमुखी बन्न पुगेको छ । अहिले देखिएको आर्थिक सकसको कारण पनि त्यही हो ।

इतिहासको गर्भमा यस्ता धेरै षडचन्त्रहरू भएका छन्, जसका कारण, जसका कारक र उद्देश्यहरूको चिरफार नगरीकन नेपालको अर्थ संरचना बुझ्न सकिन्नँ । त्यसैले आवरणका कुरा गर्नेबाट हामी जोगिनै पर्छ । मुलुकलाई जोगाउनै पर्छ । यदि हामी मुलुकलाई सही दिशामा लैजान चाहन्छौं भने हाम्रो अर्थतन्त्रको वास्तविक स्वरूपलाई केलाउन आवश्यक छ ।

यसलाई यसको दिगो साइकल विकास गर्न आवश्यक छ । तल्लो तहदेखि माथिल्लो तहसम्मका जनतालाई जोड्नेगरी संरचनाको विकास गर्नुपर्छ । तर, हाम्रो अर्थतन्त्रको नेतृत्व सम्हाल्नेहरूमा त्यस्तो चेतना छैन । आईएमएफ, एडीबी, एसियाली विकास बैंक जस्ता संस्थाका प्रशिक्षणले हाम्रो अर्थतन्त्रको स्वरूपलाई बदल्ने सामर्थ्य राख्दैन । त्यहाँका कथा हाम्रा लागि मिथ्या हुन्छन् । हामीलाई हाम्रै संरचनालाई केलाउने उदाहरण चाहिन्छ ।

▶ खगेन्द्र पौडेल

# लुम्बिनीले ४ महिनादेखि पाएन खेलकुदमन्त्री

**दाङ/मस-** लुम्बिनीमा कांग्रेस-एमालेको गठबन्धन सरकार बनाउँदा सहयोग गरेका नागरिक उन्मुक्ति पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीमध्ये एकलाई दिने भनिएको युवा तथा खेलकुद मन्त्रालय चार महिनादेखि खाली रहेको छ ।

लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्यले सरकारलाई पूर्णता दिने प्रयास गरेर तेस्रो पटक सरकार विस्तार गरे पनि सरकारलाई समर्थन गरेका मध्येबाट लोसपा र नाउपामध्ये कसलाई पहिला मन्त्री बनाउने भन्ने कांग्रेस-एमालेबीच टुंगो लाग्न नसक्दा मन्त्री चयन हुन नसकेको हो । खाली रहेको खेलकुद मन्त्रालय मुख्यमन्त्री आचार्यले आफैं सम्हालेका छन् ।

साना दललाई भागबन्डा मिलाउन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई सामाजिक विकास मन्त्रालयमा गाभिएको थियो । सामाजिकमा रहेको युवा तथा खेलकुद छुट्याएर छुट्टै मन्त्रालय बनाउने निर्णय लुम्बिनी मन्त्रिपरिषद्ले गरेको थियो । मन्त्रीका लागि नाउपाबाट राजकुमार




चौधरी र लोसपाबाट सन्तोषकुमार पाण्डे छनोट भएका छन् । लुम्बिनी प्रदेश सभामा नाउपाका चार र लोसपाका तीन सांसद छन् ।

लुम्बिनीमा कांग्रेस-एमाले गठबन्धन सरकार बनाउँदा १२ मन्त्रालयमध्ये मुख्यमन्त्रीसहित पाँच मन्त्रालय एमाले र कांग्रेसलाई पाँच मन्त्रालय बाँडफाँट गरेका थिए । दुई मन्त्रालय सरकारलाई समर्थन गरेका नाउपा, लोसपा र जसपालाई दिने सहमति भएको थियो । त्यस अनुसार अशोक राई नेतृत्वको जसपाबाट बाँके २ (२) बाट निर्वाचित आदेशकुमार अग्रवाललाई आन्तरिक मामिला तथा कानुन मन्त्रालयको जिम्मेवारी दिइएको छ।

पहिलो चरणमा नाउपा र लोसपामध्ये कुनलाई सरकारमा सहभागी गराउने भन्नेबारे टुंगो लाग्न नसक्दा खेलकूद मन्त्रालय खाली नै रहेको सरकारका प्रवक्ता एवं कृषि तथा भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीले बताए । उनले बाँकी रहेको मन्त्रालयलाई मन्त्री चयन गरी सरकारलाई पूर्णता दिने काम छिट्टै गरिने बताए । यसबारेमा मुख्यमन्त्री आचार्यले पहल गरिरहेको मन्त्री पन्थीले बताए ।

एमालेले पाएका पाँच मन्त्रालयमध्ये मुख्यमन्त्रीमा अर्घाखाँचीका आचार्य, रुपन्देहीका भूमीश्वर ढकाल भौतिक पूर्वाधार विकास मन्त्रालय, गुल्मीका दिनेश पन्थी सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री, पाल्पाका खेम सारु स्वास्थ्य मन्त्री र दाङकी सीता शर्मा चौधरी ऊर्जा तथा जलस्रोत मन्त्री छन् ।

कांग्रेसबाट पहिलो चरणमा प्यूठानका सरोज थापा सहरी विकास तथा खानेपानी मन्त्री, दाङका प्रचण्डविक्रम न्यौपाने उद्योग, पर्यटन तथा यातायात मन्त्री र गुल्मीका धनेन्द्र कार्की आर्थिक मामिला तथा योजना मन्त्री थिए ।

निर्मला कुर्मीको अपहरण गरी बेपत्ता पारेको आरोप लागेपछि वन तथा वातावरण मन्त्री बादशाह कुर्मीले मन्त्री पदबाट राजीनामा दिएका थिए । कांग्रेसको भागमा परेको वन मन्त्रीमा नवलपरासीका देवकरण कलवार र सामाजिक विकास मन्त्रीमा बर्दियाका जन्मजय तिमिल्सिना मन्त्री भएका छन् ।

# प्रधानमन्त्रीले गरे मानवसेवा आश्रमको भवन उद्घाटन, १ महिनाको तलब दिने



**झापा/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले झापाको मेचीनगर नगरपालिका-४, आमडाँडीस्थित मानवसेवा आश्रमको जिल्ला कार्यालयको भवन उद्घाटन र मानवसेवा स्मारकको भवन शिलान्यास गरेका छन् ।

प्रधानमन्त्री ओली र प्रथम महिला राधिका शाक्यले सो उद्घाटन र शिलान्यास गरेका हुन् । कार्यक्रममा आश्रमका लागि दुई बिगाहा पाँच कठ्ठा जग्गा दिने स्थानीय रामबहादुर प्रधान र परिवारलाई सम्मान गरिएको थियो ।

दुई दिने गृहजिल्ला भ्रमणका क्रममा झापा आएका प्रधानमन्त्री ओलीले आइतबार मानव सेवा आश्रम पाँच वर्षीय गुरुयोजनाको शिलान्यास र १९ औं सेवा केन्द्र कार्यालयको उद्घाटन गर्दै एक महिनाको तलब दिने घोषणा गरे । उनकी धर्मपत्नी राधिका शाक्यले पनि दुई महिनाको पेन्सन दिने पनि घोषणा गरेकी छिन् । त्यसैगरी कार्यक्रममा सहभागी मन्त्री, सांसद, मेयर, उपमेयर तथा सामाजिक व्यक्तित्वहरूले आर्थिक सहयोग गर्ने घोषणा गरेका छन् ।

सडक आश्रित मानव मुक्त राष्ट्र नेपाल निर्माण गर्ने परिकल्पनासहित झापामा मानव सेवा आश्रम स्थापना गरिएको हो । स्थानीय रामबहादुर प्रधानका परिवारले २ विगाहा ५ कठ्ठा जग्गा दान गरेपछि २०८१ साउनदेखि मानव सेवा आश्रम स्थापना गरिएको आश्रमका प्रवक्ता सुमन बर्तौलाले जानकारी दिए । सडक आश्रित मानवहरूको उद्धार गरी यस आश्रममा ल्याएर राखिन्छ । यस सेवा केन्द्रमा हाल १० महिलासहित ४३ जना सडक आश्रित छन् ।

४७ जनामध्ये चारको निधन भइसकेको प्रवक्ता बर्तौलाले बताए । २०६९ साल भाद्र १३ गते मकवानपुर, हेटौंडामा औपचारिक रूपमा मानव सेवा आश्रमको सेवा केन्द्र स्थापना यो अभियानको सुरुवात गरिएको हो ।

'मानवता प्रवर्द्धन महाअभियान' अन्तर्गत खुला आकाशमुनि रात बिताउन विवश बेसहारा, असहाय तथा जीवन नै जोखिममा रहेका १० हजार ८२७ सडक आश्रित मानवको उद्धार गरिसकेको बताउँदै उनले भने, 'तीमध्ये ५ हजार जनाभन्दा बढीको सामुदायिक तथा पारिवारिक पुनर्मिलन र पुनर्स्थापना गराइसकेका छौं ।'

जसमध्ये १ हजार ३७२ जना ब्रम्हलिन भएको र मानसिक असन्तुलनको अस्वस्थताका कारण पारिवारिक पुनर्मिलन हुन नसक्ने अवस्थामा रहेका १ हजार ८७० जना मानवसेवा आश्रमका मुलुकभर रहेका २५ वटा सेवा केन्द्रमा आश्रित रहेको उनको भनाइ छ ।

# उपचारका लागि सहयोगको याचना



**काठमाडौं/मस-** पाँचथर फिदिम नगरपालिका १२ की एक क्यान्सरबाट पीडित महिलाले उपचारका लागि सहयोगको याचना गरेकी छन् । ३६ वर्षीया सुनिता गुरुङले उपचारका लागि सहयोगको याचना गरेकी हुन् । उनको चितवन क्यान्सर अस्पतालमा चेकजाँचका क्रममा पाठेघरको क्यान्सर भएको प्रमाणीत भएको थियो ।

हाल उनको पूर्वाञ्चल क्यान्सर आर्थिक अभाव भइ प्रभावकारी उपचार हुन नसकेको श्रीमान प्रकाश गुरुङले बताएका छन् । उनको उपचारका लागि सहयोग गर्न चाहनुहुने महानुभावले बिरामी सुनिता गुरुङको प्रभु बैंकको खाता नं.०४६२३५३२१८०००१९ मा सहयोग गर्न सकिने जनाइएको छ । वा बिरामीको मोबाइल नम्बर ९८१६९३२९४१ मा सम्पर्क गर्न सकिने जनाइएको छ ।

# छाया अस्पताल र नेपाल प्रहरीबीच स्वास्थ्य सेवासम्बन्धी सम्झौता



**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २३ मंसिर

जिल्ला प्रहरी कार्यालय अर्घाखाँची र छाया विशेषज्ञ अस्पताल प्रालि अर्घाखाँचीबीच स्वास्थ्य सेवा सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ ।

अब अर्घाखाँची भरीका नेपाल प्रहरीका बहालवाला, अवकाश प्राप्त प्रहरी कर्मचारीहरु, उनीहरुका आश्रित परिवार, कर्मचारीहरुले छाया अस्पताल प्रालिमा उपचार गर्दा सहुलियत शुल्कमा उपचार सेवा प्राप्त गर्ने छन् ।

सम्झौता अनुसार जिल्ला प्रहरी कार्यलय अर्घाखाँचीबाट उपलब्ध गराएको परिचय पत्र वा रिफर भइ आएका बिरामीहरुलाई छाया अस्पताल्को बहिरङ्ग विभागमा दर्ता शुल्क निःशुल्क गरिनुका साथै बहिरङ्ग विभाग र छाया अस्पतालमा भर्ना भइ उपचार गराउँदा २५ प्रतिशत छुट हुने छ भने छाया अस्पतालले सञ्चालन गरेको फार्मेसीमा औषधीहरु खरिद गर्दा १० प्रतिशकत छुट हुने व्यवस्था गरिएको छ । यो सुविधा प्राप्त गर्न परिचय खुल्ने कागजात अनिवार्य रुपमा पेश गर्नुपर्ने छाया अस्पतालका अध्यक्ष दल बहादुर केसीले जानकारी दिए ।

कार्यक्रममा प्रहरीको तर्फबाट प्रहरी नायव उपरीक्षक चक्रबहादुर मल्ल तथा छाया विशेषज्ञ अस्पतालको तर्फबाट अध्यक्ष दलबहादुर केसीले हस्ताक्षर गरी एक- एक प्रति आदान-प्रदान गरेर सम्झौताको औपचारिक सुरुवात गरेका थिए । सहमति पत्रमा साक्षीको रुपमा प्रहरी निरीक्षक बिष्णु प्रसाद पौडेल र अस्पतालको तर्फबाट मुटुरोग विशेषज्ञ डाक्टर प्रदिप जग केसीले हस्ताक्षर गरेका छन् ।

सम्झौता मिति मंसिर २४ गतेबाट एक वर्ष सम्मको लागि गरिएको छाया विशेषज्ञ अस्पतालका अस्पताल अध्यक्ष दल बहादुर केसीले बताए । उनका अनुसार छाया अस्पतालले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न संघसंस्थाहरुसँग समन्वय गरी लक्षित वर्ग, समुदाय, नेपाल प्रहरी लगायत धेरैलाई स्वास्थ्य उपचारमा सहुलियत शुल्कमा उपचार सेवा प्रदान गर्न सम्झौता गरी सो अनुसार स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ भने निःशुल्क स्वास्थ्य शिविरमार्फत हजारौंलाइै घर दैलोमा नै निःशुल्क स्वास्थ्य परीक्षण तथा उपचार सेवा पुर्याउँदै आएको छ । नेपाल प्रहरीका बहालवाला, अवकाश प्राप्त कर्मचारीहरु, उनीहरुका आश्रित परिवार र अमर सहिदका परिवारलाई सहुलियत सहितको स्वास्थ्य उपचार सेवा दिन पाउँदा हर्षित भएको अध्यक्ष केसीको भनाइ छ । यस्तै नेपाल प्रहरीका कर्मचारीलाई छाया अस्पतालका डाक्टरहरुले प्रत्येक महिना निःशुल्क स्वास्थ्य जाँच गर्ने र छाया अस्पतालबाट प्रहरी कर्मचारीलाई रिफर गर्न परेमा एम्बुलेन्स समेत निःशुल्क अस्पतालले उपलब्ध गराउने अध्यक्ष केसीले घोषणा गरे ।

# कपुरकोटमा विशेषज्ञ स्वास्थ्य शिविर



**सल्यान/मस-** सल्यानको कपुरकोट गाउँपालिकाको आधारभूत अस्पतालमा संचालित बृहत् विशेषज्ञ स्वास्थ्य शिविरबाट पालिकाभरिका ७ सय ४५ जना लाभान्वित भएका छन् । पालिकाबासीले गाउँघरमै स्वास्थ्य सेवा पाऊन् भनी संचालन गरेको शिविरबाट त्यति धेरै स्थानीयबासी लाभान्वित भएका हुन् ।

कपुरकोट गाउँपालिकाको आयोजना र राप्ती लाइफ केयर अस्पताल दाङको प्राविधिक सहयोगमा एकदिने विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिएको थियो । पालिकाबासीले उपचारका लागि बाहिर जान नपरोस् र घर नजिकैबाट सेवा पाऊन् भनी शिविर संचालन गरिएको कपुरकोट गाउँपालिका अध्यक्ष दुर्गाबहादुर पुनले बताए ।

शिविरबाट स्त्री रोगसम्बन्धी १ सय ३, नाक, कान, घाँटीसम्बन्धी १ सय ३७, हाडजोर्नी तथा नशारोगसम्बन्धी २ सय ३, मेडिसिनसम्बन्धी २ सय १८ ले सेवा लिएको उनले जानकारी गराए । उनका अनुसार जसमध्ये ८४ जनाले ल्याब सेवा, ३३ जनाको भिडियो एक्सरे, ४ जनालाई भर्ना गरी इमरजेन्सी सेवा प्रदान गरिएको थियो । शिविरमा उपचार गराउन आएका र रिफर गरिएकालाई राप्ती लाइफ केयर अस्पतालले न्यून शुल्क तथा आर्थिक अवस्था कमजोर भएकालाई निःशुल्क उपचार गर्ने प्रमुख प्रशासकीय अधिकृत भरतकुमार ओलीले बताए ।

# कर्मचारी युनियन शीतगंगाको अध्यक्षमा खनाल निर्वाचित



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
सन्धिखर्क, २३ मंसिर

नेपाल निजामती कर्मचारी युनियन अर्घाखाँचीको शितगंगा स्तरीय अधिवेशन सम्पन्न भएको छ । अधिवेशनले शितगंगा नगरपालिकामा कार्यरत योजना अधिकृत युनियनका नेता नुमलाल खनालको अध्यक्षतामा नगरस्तरीय नयाँ कार्यसमिति चयन गरेको छ ।

युनियनको उपाध्यक्षमा दामोदर ढकाल, महिला उपाध्यक्षमा कुसुम थापा, सचिवमा लक्ष्मण पौडेल, कोषाध्यक्षमा सन्तोष पन्थी निर्वाचित भएको नेपाल निजामती कर्मचारी युनियन अर्घाखाँचीका अध्यक्ष दिपक पाण्डेले बताए ।

कार्यक्रममा शितगंगा नगरपालिकाका नगरप्रमुख छबिलाल पौडेलले स्थानीय कर्मचारीहरुको अधिकार खोसिने गरी अघिल्लो सरकारले ल्याएको संघीय निजामति ऐन संसोधन गरेर कर्मचारीहरुको माग सम्बोधन गराउन वर्तमान गठबन्धन सरकारलाई पहल गरिएको बताए ।

कार्यक्रममा नेपाली कांग्रेसका नेता सुर्य प्रसाद अधिकारीले कर्मचारीले परिणाम देखिने गरी काम गर्नुपर्ने र जनतालाई सरल तथा सहज रुपमा सेवा प्रवाह गर्ने वातावरण बनाउन युनियनले भूमिका खेल्नुपर्ने बताए ।

कार्यक्रममा शितगंगा नगरपालिकाका नगरप्रवक्ता दामोदर न्यौपाने शितगंगा नगरपालिका वडा नम्बर १ का अध्यक्ष माधव मान बहादुर सिङ्जापति, वडा नम्बर २ का अध्यक्ष राम बहादुर गोर्खा, वडा नम्बर ३ का अध्यक्ष चिन्ताराज अधिकारी, ४ का अध्यक्ष दामोदर अधिकारी ५ का अध्यक्ष चन्द्रमणी बेल्वासे, १२ का अध्यक्ष चोप बहादुर घर्ती, सिविए अर्घाखाँचीका अध्यक्ष कृष्ण बर्मा, नेपाल निजामती कर्मचारी युनियन अर्घाखाँचीका अध्यक्ष दिपक पाण्डे, युनियनका नेताहरु रुकेन्द्र पालुङ्गे, रमेश न्यौपाने, सन्जय श्रेष्ठ लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रम नुमलाल खनालको सभापतित्व नगरप्रमुख छबिलाल पौडेलको प्रमुख अतिथ्यता र लक्ष्मण पौडेलले सञ्चालन गरेका थिए ।

**चोङकिङ्ग वाटर टर्बाइन वर्क्स प्रा. लि. को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ बामोजिम मिति: २०७५/११/२८ मा दर्ता भएको प्रा. लि. नं. २१०५७७/७५/०७६ को चोङकिङग वाटर टर्वाइन वक्स प्रा. लि. लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८१/०८/२३ गते बसेको शेयरधनीको विशेष साधारण बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु पर्ने व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्नु हुन सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशित गएिको छ ।

श्री दुर्ग प्रसाद खनाल (लिक्वीडेटर)इजाजत पत्र नं. ५१७, सम्पर्क : ९८५११२५६००, काठमाडौं

**पाँचखपन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

**सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८१/०८/२४**

यस नगरपालिका अन्तर्गत देहायको क्षेत्रबाट ग्राभेल/गिट्टी तथा बालुवा सङ्कलन/उत्खनन गर्नको लागि प्रारम्भिक वातावरणीय परीक्षण (Initial Enviromental Examination-IEE) भइरहेको हुँदा सो सम्बन्धमा तपसिलको मिति, समय र स्थानमा हुने सार्वजनिक सुनुवाइमा सहभागी भइ वा फोन/इमेल वा लिखित रुपमा ७ दिन भित्र आफ्नो राय/सुझाव तथा प्रतिक्रिया यस कार्यालयमा उपलब्ध गराइदिनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि. नं. | प्रारम्भिक वातावरणीय परीक्षण हुने बगरको नाम | ठेगाना | सार्वजनिक सुनुवाइ हुने मिति, समय र स्थान | परामर्शदाताको नाम |
|---|---|---|---|---|
| १ | कटारे बेसी बगर (दोभान) | वडा नं. १/२ | २०८१ साल पुस १ गते, बिहान ११.०० बजेः २ नं. वडा कार्यालय, स्याबुन | समिट पिक इन्जिनियरिङ कन्सल्टेन्सी प्रा. ली., कागेश्वरी मनोहरा- ०७, काठमाडौं। |
| २ | कटारे बेसी बगर (माथिल्लो भाग) | वडा नं. २ | २०८१ साल पुस १ गते, बिहान ११.०० बजेः २ नं. वडा कार्यालय, स्याबुन | |
| ३ | कटारे बेसी बगर (तल्लो भाग) | वडा नं. २ | २०८१ साल पुस १ गते, बिहान ११.०० बजेः २ नं. वडा कार्यालय, स्याबुन | |
| ४ | रिठ्ठे बगर | वडा नं. २ | २०८१ साल पुस १ गते, बिहान ११.०० बजेः २ नं. वडा कार्यालय, स्याबुन | |
| ५ | माक्सुवा बगर | वडा नं. ३ | २०८१ साल पुस १ गते, बिहान ११.०० बजेः २ नं. वडा कार्यालय, स्याबुन | |
| ६ | खवारे बगर | वडा नं. ५ | २०८१ साल पुस २ गते, बिहान ११.०० बजेः वडा नं. ४/५ लिङलिङ बजार | |
| ७ | खेकुवा दोभान बगर | वडा नं. ३/४ | २०८१ साल पुस २ गते, बिहान ११.०० बजेः वडा नं. ४/५ लिङलिङ बजार | |
| ८ | माझी जंगल बगर | वडा नं. ४ | २०८१ साल पुस २ गते, बिहान ११.०० बजेः वडा नं. ४/५ लिङलिङ बजार | |

प्रमुख प्रशासकीय अधिकृत

**UAE मा रोजगार** Bin Thani Maintenance & General Services Establishment

पूर्व स्वीकृती मिति: २०८१/०८/२३ चलानी नं.: ६०२२९४१७ LT No.: 315124

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Helper | 35 | काममा दक्ष | 800 | २९,५०० I- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Scafolder | 5 | | 1200 | ४४,३०० I- | | | | | | | |
| ३. | Iron Wrokers | 20 | | 1200 | ४४,३०० I- | | | | | | | |

अन्तरवार्ता २०८१ पौष १ गते (16 Dec., 2024) यस प्रा. लि. को कार्यालय सिनामंगल, काठमाडौमा हुनेछ ।

Destiny H.R. Group Pvt. Ltd. श्रम इजाजत नं. १५५२/०७९/८०
Sinamangal-9, Kathmandu, Tel. 01-5913085, 5914085, Email : info@destinyhrgroup.com.np

**Qatar मा रोजगार** Alfardan Group LLC, Qatar

पुन: विज्ञापन, पूर्व स्वीकृति मिति: २०८१/०१/१८ चलानी नं.: ६०२१८८५३ LT No. 304036

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Clean Worker | 2 | 0 | काममा दक्ष | 1300 | ४८,३०० I- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Labour | 10 | 0 | | 1300 | ४८,३०० I- | | | | | | | |
| ३. | Waiter | 3 | 3 | | 1700 | ६३,००० I- | | | | | | | |

अन्तरवार्ता २०८१ पौष १ गते (16 Dec., 2024) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ ।

लक्की एच.आर. सोलुसन प्रा. लि.
श्रम ईजाजत नं.: ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@merocvs.com/ info@luckyhrsolution.com

**Qatar मा महिलाहरुलाई रोजगार** Wardet Shiraz Beauty W.L.L

पूर्व स्वीकृती मिति: २०८१/०८/२० चलानी नं. ६०२२९४०२ LT No.: 314938

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Hair Dress/Hair Stylist | 0 | 1 | काममा दक्ष | 1800 | ६६,८०० I- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Henna Beautician | 0 | 1 | | 1800 | ६६,८०० I- | | | | | | | |
| ३. | Manicurist/Nail Technician | 0 | 2 | | 1800 | ६६,८०० I- | | | | | | | |
| ४. | Masseur | 0 | 1 | | 1800 | ६६,८०० I- | | | | | | | |

अन्तरवार्ता २०८१ पौष १ गते (16 Dec., 2024) यस प्रा. लि. को कार्यालय धुम्बाराही, काठमाडौमा हुनेछ ।

Tiger Overseas Employment Services Pvt. Ltd.
Govt Lic. No: 335/059/060
Kathamandu 4 Prakash marg, Dhumbarahi, Nepal 01-4518997
Email : info@tigeroverseas.com.np, Website: www.tigeroverseas.com.np

# आठौं म्याग्दी महोत्सव हुने



म्याग्दी/मस- म्याग्दीको सदरमुकाम बेनीमा आगामी पुष २८ गतेदेखि आठौं म्याग्दी महोत्सव एवम् माघे संक्रान्ति मेला हुने भएको छ ।

उद्योग वाणिज्य संघ म्याग्दीले आइतबार बेनीमा पत्रकार सम्मलेनको आयोजना गरेर पुस २८ देखि माघ ८ गतेसम्म १० दिन महोत्सव गर्ने जानकारी गराएको हो । पत्रकार सम्मेलनमा म्याग्दी उद्योग वाणिज्य संघको मुल आयोजनामा माघे संक्रान्ति पर्वको अवसरमा बेनीको खुलामञ्चमा प्रदेशस्तरीय कृषि, पर्यटन, औद्योगिक, ब्यापार मेला-२०८१ हुने जानकारी गराइएको थियो ।

स्थानीय उत्पादनको बजार प्रर्वद्धन, कला र संस्कृतिको संरक्षण, पर्यटन प्रवर्द्धन, कृषि, जलविद्युत, खनिज र पशुपालन क्षेत्रको सम्भावनाको उजागर गरि लगानी भित्र्याउने र व्यापार प्रर्वद्धन गर्ने उद्देश्यले महोत्सवको आयोजना गर्न लागिएको म्याग्दी महोत्सवका मुल संयोजक एवम् म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष सुविन श्रेष्ठले बताए ।

महोत्सवमा खुल्ला लोक तथा दोहोरी गित प्रतियोगिता, गण्डकी प्रदेश स्तरीय अन्तरपालिका पुरुष भलिबल तथा खुल्ला महिला भलिबल, गण्डकी प्रदेश भित्रका वडा स्तरीय बास्केटबल प्रतियोगिता, खुल्ला रत्यौली प्रतियोगिता, भजन प्रतियोगिता, पुख्यौंली नाच प्रतियोगिता, म्याग्दी आइडल एकल लोकनृत्य प्रतियोगिता, जातजाति, जनजातिको झाँकी प्रतियोगितासमेत रहेको छ । त्यस्तै महिला पुरुष छेलो हान्ने प्रतियोगिता, महिला पुरुष लाठो तान्ने प्रतियोगिता पनि महोत्सवको अवसरमा हुने म्याग्दी उद्योग बाणिज्य संघका महासचिव नारायण घर्ती क्षत्रीले बताए ।

महोत्सवको अवसरमा एक करोड ३४ लाख २९ हजार आम्दानी र एक करोड २९ लाख १८ हजार नौ सय १४ रुपैयाँ खर्च भएर म्याग्दी उद्योग वाणिज्य संघलाई पाँच लाख १० हजार ८६ रुपैयाँ बचत गर्ने लक्ष्य लिएको कोषाध्यक्ष सुमन श्रेष्ठले बताए । महोत्सवको समयमा म्याग्दी क्षेत्रभित्र १० करोड रुपैयाँभन्दा बढीको आर्थिक कारोवार हुने लक्ष्य राखिएको छ ।

महोत्सव सफल बनाउन ३७ वटा उपसमिति समेत गठन गरिएको छ । महोत्सवमा २१० वटा व्यवसायिक स्टल राखिने भएको छ । स्थानीय उत्पादनलाई बिक्री र प्रचार-प्रसार गर्नका लागि निःशुल्क स्टलको व्यवस्था गरिएको छ । जिल्लाको सम्भावनालाई उजागर गर्ने उद्देश्यले २०५७ सालदेखि प्रत्येक ३/३ वर्षमा संघले महोत्सव गर्दै आएको छ । महोत्सवलाई सफल बनाउन संघ, जिल्ला समन्वय समिति, ६ वटा स्थानीय तह लगायतको सहकार्य गरिने छ ।

# कोशी प्रदेशमा ४ वटा पदमार्ग निर्माणको सम्झौता



**विराटनगर/मस-** करिब अढाई अर्ब रुपैयाँ लगानी गरेर कोशी प्रदेशभित्र ४ वटा पदामार्ग निर्माण गर्ने सम्झौता भएको छ । पदमार्गमा आधारित 'पर्यटन विकास परियोजना'अन्तर्गत स्वीस सरकारको सहयोगमा पदमार्ग निर्माण गरिने भएको हो । पर्यटनको नयाँ सम्भावना खोजी गर्दै २ अर्ब ४५ करोड ६१ लाख खर्च गरेर निर्माण गर्न लागिएको पदमार्गले प्रदेशका विभिन्न २९ वटा स्थानीय तह छुने छ । २०८५ साल साउनसम्ममा सम्पन्न गर्नेगरी पदमार्गमा आधारित 'पर्यटन विकास परियोजना' सञ्चालनका लागि प्रदेश सरकार र स्विस राजदूतावासबीच आइतबार सम्झौता भएको छ ।

मुख्यमन्त्री हिक्मतकुमार कार्कीको उपस्थितिमा सम्झौतापत्रमा हस्ताक्षर भएको हो । सम्झौतासँगै पदमार्ग निर्माणको शुभारम्भ भएको छ ।

परियोजनाअन्तर्गत चियाबारी (इलाम-फिक्कल-श्रीअन्तु), फाल्गुनन्द (फिदिम-छिन्ताप्पु-सन्दकपुर-माइपोखरी-इलाम), लालीगुराँस(लुम्लिङटार-खाँदबारी-नुम-गुफाफोखरी-वसन्तपुर-जलजले-तीनजुरे-मिल्के) र मुन्धुम (तावाभन्ज्याङ-टेम्केडाँडा-चखेवा-डालसिंगे-धोद्रे-जलजले-हाँसपोखरी-सालपापोखरी-मयुङडाँडा-सिलिचुङचुली) पदमार्ग निर्माण हुने प्रदेशको पर्यटन, वन तथा तथा वातावरण मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार विभिन्न जिल्लाका २९ वटा पालिका छुने पदमार्ग ४ हजार किलोमिटरको हुनेछ । परियोजनाका लागि स्विस सरकारले १ अर्ब ३५ करोड १५ लाख, संघीय सरकारले १९ करोड ९२ लाख, कोशी प्रदेश सरकारले ४५ करोड ८७ लाख र २९ वटा स्थानीय तहले ४४ करोड ६७ लाख लगानी गर्नेछन् ।

परियोजनाबाट १ लाख स्थानीयले प्रत्यक्ष रूपमा लाभ लिने मन्त्रालयले उल्लेख गरेको छ । पदमार्गको निर्माण तथा पुनः निर्माणका क्रममा ४ लाख दिन बराबरको रोजगारी सिर्जना गर्ने बताइएको छ । १ हजार जनालाई पर्यटन सम्बन्धी सीप विकासका लागि तालिम दिइने मन्त्रालयले जनाएको छ ।

पदमार्गमा होमस्टे, लज र अन्य आतिथ्य सेवाको विकास गर्ने लक्ष्य राखिएको छ । चार वर्षको अवधिमा आन्तरिक तथा बाह्य गरेर ७८ हजार पर्यटकले पदमार्ग क्षेत्र भ्रमण गर्ने अनुमान गरिएको छ । पदमार्गहरूमा पर्यटनसँग सम्बन्धित २ हजार नयाँ रोजगारी सिर्जना हुने अपेक्षा गरिएको छ ।

दुईपक्षीय सम्झौताका क्रममा मुख्यमन्त्री हिक्मतकुमार कार्कीले कोशी प्रदेशमा विकास र समृद्धिको मुख्य आधार पर्यटन भएको बताए । पर्यटनबाट नै विकासको कायापलट गर्न सकिने र ४ वटा पदमार्ग पर्यटन क्षेत्रमा 'गेम चेन्जर' परियोजना बन्ने उनले बताए । 'प्रदेशको सामर्थ्य, पहिचान र विकास नै पर्यटन हो,' उनी भन्छन्, 'विश्वलाई चिनाउनका लागि पर्यटन क्षेत्र महत्वपूर्ण हुने छ ।'

२०८२ साललाई पर्यटन वर्ष घोषणा गरिएको बताउँदै कार्कीले पर्यटन वर्ष मनाउन पदमार्ग परियोजना महत्वपूर्ण हुने बताए । नेपालमा छिमेकी देशका १ प्रतिशत पर्यटकलाई आकर्षित गर्न सके १० वर्षमा धेरै परिवर्तन आउने उनको भनाइ छ । नकारात्मक विरोधलाई रोकेर पर्यटन क्षेत्रलाई धेरै माथि लैजान सकिने कार्कीले बताए ।

कोशी प्रदेश सरकारका पर्यटन, वन तथा वातावरणमन्त्री सदानन्द मण्डल पदमार्ग परियोजनाले कोशी प्रदेशको पर्यटन क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्ने बताउँछन् । स्विस सरकारले कोशी प्रदेश सरकारलाई २०७६ सालदेखि विभिन्न परियोजनामा सहयोग गरिरहेको छ ।

स्विस राजदूत डा. डेनियल म्युउल्यीले पदमार्गमार्फत आर्थिक उन्नति, रोजगारी र अवसरहरूको खोजी हुने बताइन् । उनले संघीयतालाई बलियो बनाउनका लागि स्वीस सरकार नेपाल सरकारसँग हातेमालो गर्दै अघि बढेको उल्लेख गरिन् ।

# राम्रो स्कुलमा पढाउनकै लागि शहर पस्नुपर्ने अवस्था छैन : मुख्यमन्त्री

**अर्घाखाँची/मस-**लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले शिक्षा, स्वास्थ्य, सडक पूर्वाधार लगायतका विकास गाउँ केन्द्रित भइरहँदा मानिसहरु शहर केन्द्रित हुने अवस्थालाई सुधार गर्न 'गाउँ फर्क' अभियान चलाउनुपर्ने बताएका छन् । तीन तहका सरकारले गाउँ केन्द्रित विकासलाई प्राथमिकतामा राखेर सुविधाहरु पुर्याइरहेको सन्दर्भ केलाउँदै मुख्यमन्त्री आचार्यले शहर केन्द्रित भएकाहरु अब गाउँ फर्कन जरुरी रहेको बताए । अर्घाखाँचीको मालारानी गाउँपालिका-२ मा रहेको वीरेन्द्र माध्यमिक विद्यालयको ऐतिहासिक स्वर्ण जयन्ती महोत्सवको उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले सुविधाकै लागि शहर पसेकाहरु अब गाउँ फर्कनुपर्ने धारणा राखेका थिए । 'हामिले गाउँमा विकास पुर्यायौं । सुविधा पुर्यायौं । अहिले त्यही सुविधाका लागि शहर पसेकाहरु गाउँ फर्कन जरुरी छ'उनले भने,' अब राम्रो स्कुलमा पढाउनकै लागि शहर पस्नुपर्ने, घरमा ताला झुण्ड्याउनुपर्ने अवस्था




छैन् । यही गाउँमा पनि धेरै गर्न सकिन्छ । अब गाउँ फर्किएर उद्यम गर्न जरुरी छ ।'

गाउँफर्क अभियानलाई राजनीतिक दल, जनप्रतिनिधि, समाजसेवी तथा समाजका अगुवाहरुले उदाहरण बनेर देखाउनुपर्ने समेत धारणा राखे । 'राजनीतिक दलका कार्यकर्ता पनि अब उद्यममा जोडिएर व्यवसायीक बन्नुपर्छ । विदेशमा जतिको कमाई स्वदेशमा बसेर पनि गर्न सकिन्छ'उनले भने,'अब दलका कार्यकर्ताहरु उत्पादनसँग जोडिनैपर्छ । आफैले उदाहरण पेश नगर्दासम्म समाजको विश्वास जित्न सकिँदैन ।' सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर खस्कदै जानु चिन्ताको विषय भएको उल्लेख गर्दै मुख्यमन्त्री आचार्यले गुणस्तर सुधार गर्न सबैपक्ष गम्भीर बन्नुपर्ने बताए । 'रिजल्ट सुधार्न एउटा पक्षले मात्रै ख्याल गरेर हुँदैन । यसमा अभिभावक, विद्यार्थी, शिक्षक, विद्यालय, जनप्रतिनिधि सबै साझा रुपमा अघि बढ्न सक्नुपर्छ'उनले भने 'गत वर्षको एसईईको नतिजा सन्तोषजनक भएन । यसपालिको नतिजा सुधारगर्ने बारेमा सबै चिन्तित र संवेदनशिल बन्नैपर्छ ।' विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बाबुराम आचार्यको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा विद्यालयको शैक्षिक विकासमा योगदान पुर्याउने व्यक्तिहरुलाई सम्मान गरिएको थियो ।

## Invitation for Bids

## Aathabis Municipality
### Office Of The Municipal Executive
**Rakam Karnali, Dailekh**
**Karnali Province, Nepal**

**Invitation for National Competitive Bidding for the Construction Work on the Following Project**

**Date of publication: 2081/08/24**

1. Aathabis Municipality Office, Rakam Karnali invites National Competitive Bidding (NCB) from registered contractors for the construction of *following works.*
2. The Estimated amount for the works are as specified on the following Table.
3. Eligible Bidders may get further information on telephone: **089690475 or website: www.aathabismun.gov.np**
4. *Bidders shall have submit their bid electronically only. No Hard copy will be provided or accepted in the office.*
5. Bid shall be opened in the presence Or in the absence of Bidders representatives chosen by Bidders to attend at 14:00 *hour on* **2081/09/26** at the office of Aathabis Municipality, Rakam Karnali.
6. Bids must be valid for a period of *90 days* after bid opening and must be accompanied by bid security, amounting as specified for each item in the following table, which shall be valid for *30 days* beyond the bid validity period.
7. If bidder wishes to submit the **Bid Security** in the form of cash, the cash should be deposited in Deposit Office **Account No.:** 06301400250030 **and Account Name:** Aathabis Municipality, Office of the Municipal Executive, Rakam Karnali, Dailekh at Nepal investment bank Ltd., Daba Branch, Dailekh and submit the receipt of the deposited amount of cash along with the bid document and Office **Account no: 06301400250085**.(for Bid document cost).
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bids.
10. The Employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsever.

1. **Table:- Details of Contract**

| S. No. | Contract ID. | Contract name | Bid Security Amount | Bid Document Cost | Estimated Amount (including VAT and PS) |
|---|---|---|---|---|---|
| 1. | 01/NCB/AM/RT/2081-082 | Construction of Sidure Aam dekhi Kalapada Samma Tatbandan Work, Aathabis Municipality-04, Dailekh | NRs. 2,32,000.00 | NRs. 3,000.00 | NRs: 91,20,000.00 |

**Chief Administrative Officer**

## Melauli Municipality
### Office of the Municipal Executive
**Melauli, Baitadi**
**Sudurpaschim Province, Nepal**

## Notice for Invitation of Bids

**Date of publication: 2081/08/24 (9th, December 2024)**

Melauli Municipality Office of The Municipal Executive Melauli, Baitadi invites Electronic Bids under National Competitive Bidding Procedure (NCB) through PPMO's e-procurement system https://www.bolpatra.gov.np/egp from eligible bidders for the procurement of following works mentioned below

| S. N. | Name Of Project | Contract Identification No. | Estimated Amount (Excluding VAT PS & Contingencies) | Bid Security (NRS) | Last Date and Time of Bid Submission | Date Place of Bid Opening |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Ward Office Building Ward 2 | 05/NCB/WOB/2081/082 | NRs. 7,855,733.00 | NRs.230000/- | 2081/09/23 (7th January 2025) 12:00 Noon | 2081/09/23 (7th January 2025) 13:00 PM, At Melauli Municipality Office,Melauli, Baitadi |
| 2 | Construction of Ward Office Building Ward 8 | 06/NCB/WOB/2081/082 | NRs. **7,703,477.37** | NRs.230000/- | | |

Bank Information

| Name Of Bank | Office Account Name & Numbers | Biding Document Cost |
|---|---|---|
| Kumari Bank Limited, Melauli Branch Melauli Baitadi | **For Bid Document fee (GA.1.1 Aantarik Rajaswa Khata) 2710247109400012**<br>**For Bid Security Deposit (GA.3 Dharauti Khata) 2710247109400004** | NRs.3000.00/- (Three Thousand Only) for all Bids |

For More Details Contact No, 9848719246 Or May Visit PPMO e-GP System At www.bolpatra.gov.np/egp.


## कुवेतमा रोजगार

कम्पनी: FUTURE REGIONAL CO. FOR BUILDING CONST. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/०१/२७ चलानी नं.: ६०२०१२५० LT. No.: 285822 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 38 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ४८,४०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Excavator Operator | 30 | 0 | | 200 | ८८,०१० | | | | | | | |
| 3. | Heavy Driver | 38 | 0 | | 200 | ८८,०१० | | | | | | | |
| 4. | Mason (Block Mason) | 49 | 0 | | 110 | ४८,४०६ | | | | | | | |
| 5. | Steel Fixer | 40 | 0 | | 110 | ४८,४०६ | | | | | | | |

अन्तर्वार्ता तिलोत्तमा ट्रेनिङ सेन्टर, बुटवल, रूपन्देहीमा २०८१ पुष १ गते (16 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LOGIN INTERNATIONAL OVERSEAS RECRUITMENT PVT.LTD.**
License No.: 1542/ 078/079
Basundhara-3, Kathmandu, Nepal, Tel: +977-1-5911074/75
E-mail:- loginoverseasrecruitement@gmail.com, Hotline No: 9823815921

## यूएईमा रोजगार

कम्पनी: REGENCY HOUSE BUILDING CONTG LLC शहर: UAE पुनः विज्ञापन
पूर्व स्वीकृत मिति: २०८१/०५/१८ चलानी नं.: ६०२२४७८९ L.T. No.: 310063

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst. Steel Fixer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४०,४९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Bricklayer | 7 | 0 | | 1200 | ४४,१७२ | | | | | | | |
| 3. | Helper /labourer / Ceramic Worker /building Worker | 5 | 0 | | 900 | ३३,१२९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष १ गते (16 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

# प्रधानमन्त्री ओलीले गरे दमक भ्यु टावरको उद्घाटन

**झापा/मस**-प्रधानमन्त्री केपी शर्मा ओलीले झापाको दमक नगरपालिका वडा नम्बर ३ दापगाछीस्थित दमक व्यापारिक कम्प्लेक्सको उद्घाटन गरेका छन्।

प्रधानमन्त्री ओलीले झापाको दमक व्यापारिक कम्प्लेक्सको उद्घाटन गर्दै यो परियोजना नयाँ तरिकाको विकास कसरी गर्न सकिन्छ भन्ने कुराको नमुना भएको बताए।

प्रधानमन्त्री ओलीले यो निर्माणले रोजगारी र पर्यटन वृद्धि हुनेसमेत बताए। विश्वका धेरै मुलुकमा पनि आर्थिक स्रोत र पहिचानको लागि यस्ता अग्ला भवन बनेको भन्दै उनले कम्प्लेक्स भएको क्षेत्रलाई आधुनिक सहर बनाउने घोषणा गरे। यस टावरले समग्र कोशी प्रदेशलाई घरेलु र विदेशी पर्यटकहरूको लागि प्रमुख पर्यटक गन्तव्यको रूपमा विकास गर्ने सहरी विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले बताए।

मुख्य बजार क्षेत्रबाट चार किमी दूरीमा रहेको उक्त १८ तले कम्प्लेक्स एक अर्ब ६३ करोड ५४ लाख ४६ हजार लागतमा बनाइएको हो। चार बिघा १६ कठ्ठा क्षेत्रफलमा फैलिएको नेपालकै अग्लो टावर रहेको सो कम्प्लेक्सलाई घरेलु र विदेशी पर्यटकको प्रमुख गन्तव्यका रूपमा विकास गर्ने सरकारको अवधारणा रहेको छ। दमक व्यापारिक कम्प्लेक्समा व्यावसायिक, व्यापारिक, मनोरञ्जनात्मक, र कर्पोरेट कार्यक्रम एकै स्थानमा समायोजन गर्ने गरी डिजाइन गरिएको सहरी विकास मन्त्रालयले जानकारी दिएको छ।



यो टावर परिसरलाई पैदल मार्ग प्रवेश एवेन्यू, प्रवेश प्लाजा, टावर, मनोरञ्जनात्मक बगैंचा, बालबालिका खेल क्षेत्र र वनस्पति बगैँचामा छुट्ट्याइएको छ।

१५,६११ वर्ग मिटरमा फैलिएको दमक व्यापारिक कम्प्लेक्समा बेसमेन्ट, ग्राउन्ड फ्लोरसहित १८ तल्लाहरू छन्, जसमाथि स्टीलको २८ मिटर टावरले कुल १०० मिटरको उचाइमा पुर्‍याउने मन्त्रालयको भनाइ छ। भवन विश्वविख्यात वास्तुकार र शहरी योजनाकार लु-कोबिजियको वास्तुकलामा स्मारकत्वको अवधारणाबाट अभिप्रेरित भएर सुरूवात गरिएको हो।


**CYPRUS मा रोजगारको अवसर** — **V & N Employment Agency**

पुन विज्ञापन, पूर्व स्वीकृती मिति: २०८०/१२/२ चलानी नं. : ६०२१६६३४ LT No.: 301417

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Asst. Cook | 1 | 0 | काममा दक्ष | 700 | १,००,०००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Bartender | 2 | 0 | | 800 | १,१४,७००।- | | | | | | | |
| ३. | Cook | 1 | 0 | | 900 | १,२९,१००।- | | | | | | | |
| ४. | Domestic Worker | 0 | 1 | | 400 | ५७,३००।- | | | | | | | |
| ५. | Receptionist | 1 | 1 | | 800 | १,१४,७००।- | | | | | | | |
| ६. | Spa Therapist | 0 | 2 | | 800 | १,१४,७००।- | | | | | | | |
| ७. | Waiter/Waitress | 4 | 5 | | 700 | १,००,०००।- | | | | | | | |

**Neptune Recruitment** पुन विज्ञापन, पूर्व स्वीकृती मिति: २०८०/१२/२ चलानी नं. : ६०२१६६३२ LT No.: 301389

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | EURO | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Domestic Worker | 0 | 20 | काममा दक्ष | 400 | ५७,३००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८१ पौष १ गते (16 Dec., 2024) यस प्रा. लि. को कार्यालय समाखुसी काठमाडौंमा हुनेछ।

**अग्नि ओभरसिज प्रा. लि.** श्रम इजाजत नं.: ९५९/०६७/०६८
सामाखुसी-२६, गोंगबु आवास क्षेत्र, काठमाण्डौ फोन: ०१-४९५१६६२, ९८४०४११७८५


## तराई सिटी हस्पिटलमा मोबाइल एप सुरु



**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २३ मंसिर

रौतहट सुकदेव चोकमा रहेको नेपाल तराई सिटी हस्पिटल प्रालिको मोवाइल एपमा सबै रिपोर्ट हेर्न सकिने अस्पताल स्रोतले जनाएको छ। प्रमुख डा. मधुरेन्द्र यादवका अनुसार मोवाइलको प्लेस्टोरमा गएर हस्पिटल सर्च गरी मोवाइल एप डाउनलोड गरी बिरामीले आफ्नो फोन नम्बर वा पेसेन्ट आइडी खोली ल्याब रिपोर्ट बिरामीले बुझाएका विभिन्न शुल्क, विल र लिष्टहरु हेर्न सकिने जनाइएको छ। अस्पतालले आइतबार निःशुल्क स्वास्थ्य शिविर संचालन गर्दै आइरहेको छ।

**Government of Sudurpashchim Province**
**Ministry of Physical Infrastructure Development**
## Water Supply and Sanitation Division Office
**Kailali**

### Invitation For Bid (IFB)

**(First date of publication: Dec. 8, 2024 (2081 Mangsir 23))**

1. Water Supply and Sanitation Division Office, Kailali invites open competitive bidding from eligible bidders for the procurement of the following goods under National Competitive Bidding (NCB):

| S. N. | Contract ID | Description | Estimated Amount (exclusive of VAT) (NRs.) | Price of Bid Document (NRs.) | Bid Validity/ Bid Bond Validity | Bid Security/ Bid Bond (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | WSSDO/ KAILALI /NCB/GOODS /01/2081-82 | Supply and Delivery of HDPE Pipe (PE- 100) -(Confirming to NS 40:2079) for Various Water Supply Projects of Kailali and Kanchanpur District | 1,74,99,654.5 | 3000 | 90/120 days | 5,00,000 |
| 2. | WSSDO/ KAILALI /NCB/GOODS /02/2081-82 | Supply and Delivery of HDPE Pipe (PE- 100) -(Confirming to NS 40:2079) for Various Water Supply Projects of Kailali and Kanchanpur District | 1,76,84,496.2 | 3000 | 90/120 days | 5,00,000 |

2. Bidders can only apply bid electronically through PPMO's e-GP system www.bolpatra.gov.np/egp.

**Division Chief**

## Invitation of Electronic Bids

### Urlabari Municipality
### Office of Municipal Executive
**Urlabari, Morang**
**Koshi Province, Nepal**
**Date of Publication: 2081/08/24 (9th December 2024)**

1. The Urlabari Municipality office, invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedure:

**Details of Works**

| S. No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-pavingblock-Ward6 -W-NCB-08-081/82 | Construction of Paving block & Street light of Ramailo marg & Surya chowk, Urlabari-6 | 46,65,020.00 | 1,03,200.00/- | 3000.00 |
| 2 | URL-school bldng-W-NCB-09-081/82 | Pakage-II:Construction of Buildings (Nunsari Basic School, Urlabari-01, Srijana Basic School, Urlabari-04 & Laxmi Secondary School, Urlabari-08) | 50,47,442.00 | 1,12,000.00/- | 3000.00 |
| 3 | URL-school bldng-ward 1-W-NCB-10-081/82 | Pakage-I: (Construction of RCC Building and Toilet at Baljyoti School Urlabari-01, Morang) | 32,96,400.00 | 73,000.00/- | 3000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

## नबिल बैंक लिमिटेड, ललितपुर शाखा, ललितपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/०८/२४)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तो किए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायाधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

१

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

